म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १९ शुक्रबार १ भदौ २०८० ने. सं. ११४३ गुलात्थ्व 18 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रेउती खोलाले बगाएर धनकाजीको मृत्यु

हेटौंडा, ३२ साउन/मकवानपुरको राक्सिराङ गाउँपालिकामा खोलाले बगाएर एकजनाको मृत्यु भएको छ । राप्ती नगरपालिका वडा नम्बर १२ दुङ्थली बस्ने वर्ष ४८ का धनकाजी प्रजाको मृत्यु भएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । मकवानपुरको राक्सिराङ-७ काँकडा र चितवनको राप्ती नगरपालिकाको सीमाना हुँदै बग्ने स्थानीय रेउती खोलामा प्रजाको शव भेटिएको हो । खोला तर्दा प्रजालाई बगाएको अनुमान गरिएको राक्सिराङ-७ का वडाअध्यक्ष रामबहादुर प्रजाले बताए । रेउती खोलामा स्थानीयले शव भेटिएपछि प्रहरीमा खबर गरिएको वडाध्यक्ष प्रजाले बताए । मकवानपुरमा करेण्ट लागेर एकजनाको मृत्यु भएको छ । हेटौंडा उपमहानगरपालिका वडा नम्बर ३ लेवट बस्ने बर्ष ३२ को अशोक स्याङतानको करेन्ट लागेको मृत्यु भएको मकवानपुरका प्रहरी नायबउपरीक्षक टेकबहादुर कार्कीले बताए । बुधबार दिउँसो खेतमा पानी लगाउने क्रममा पानि तान्ने मेसिनमा अचानक करेण्ट लाग्दा घाईते भएका स्याङतानको उपचारको लागि हेटौंडा अस्पताल ल्याइएको र उनको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# हेटौंडामा उठेन साँढे दुई अर्ब ३७ करोड विद्युत महशुल

निशा गुरुङ

हेटौंडा, ३२ साउन/नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रको उठ्न बाँकी विद्युत महसुल दुई अर्ब ३७ करोड ८२ लाख ९८ हजार ३ सय ६० रुपैयाँ पुगेको छ । चालु आर्थिक वर्ष २०८०/८१ को साउन ३० गतेसम्म विद्युत महसुल उठ्न बाँकी रहेको बिवरण प्राधिकरणका लेखापाल हरि खड्काले जानकारी दिए ।

लेखापाल खड्काका अनुसार हेटौंडाको शिवम् सिमेन्ट उद्योगले मात्रै नेपाल विद्युत् प्राधिकरणलाई तिर्न बाँकी महशुल दुई अर्ब २४ करोड रुपैयाँ पुगेको छ । हेटौंडा-१६ मा रहेको शिवमले उद्योग सञ्चालनका लागि लिएको डेडिकेटेड फिडरको महसुल तिर्न आनाकानी गर्दै आएको छ । २०७२ देखि ०७५ सम्म शिवमले प्रयोग गरेको डेडिकेटेड फिडरको महसुल तिर्न अटेर गर्दै आएको हो । ६ वर्षदेखि डेडिकेटेड फिडरको महशुल नतिरेको शिवमले सर्वोच्च अदालतलाई पनि अटेर गर्दै आएको छ ।

तीन वर्षसम्म प्राधिकरण वितरण केन्द्र हेटौंडाको कमाने शाखाबाट डेडिकेटेड फिडर लिएको शिवम्ले प्राधिकरणको महसुल तिर्न अटेर गर्दै सर्वोच्च अदालत पुगेको थियो । सर्वोच्चले पनि ०७५ सालमै डेडिकेटेड लाइनको विद्युत् महसुल उठाउन प्राधिकरणको नाममा परमादेश जारी गरेको थियो । तर, सर्वोच्चको आदेशलाई पनि अटेर गरेको शिवमले अझै पनि महसुल नतिर्ने बताउँदै आएको छ ।

शिवमले प्राधिकरणलाई तिर्नुपर्ने महशुल एक अर्ब २१ करोड मात्रै भए पनि लामो समयसम्म महशुल नबुझाउँदा हाल जरिवाना सहित दुई अर्ब २४ करोड रुपैयाँ पुगेको प्राधिकरणका लेखापाल खड्काले बताए । उनका अनुसार प्राधिकरणले पटकपटक रकम तिर्न ताकेता गर्दा पनि शिवमले अटेर गर्दै आएको छ । शिवमले उद्योग सञ्चालनका लागि छुट्टै विद्युत् प्रसारण लाइन माग गरेपछि प्राधिकरणले कमाने शाखाबाट डेडिकेटेड फिडर उपलब्ध गराएको खड्काले बताए ।



लोडसेडिङ् हटाउने भन्दै ०७५ सालबाट डेडिकेटेड फिडरको व्यवस्था हटेपछि प्राधिकरणले शिवमलाई महसुल तिर्न आग्रह गर्दै बिल पठाएको खड्को भनाइ छ । ३ वर्षसम्म डेडिकेटेड फिडरबाट विद्युत् प्रयोग गरेको उद्योगले महशुल नतिर्ने भन्दै सर्वोच्च गएको खड्काले बताए । तर, सर्वोच्चले पनि उद्योगविरुद्ध र प्राधिकरणको पक्षमा आदेश दिएयता शिवम् महशुल तिर्नबाट भाग्दै आएको छ । खड्का अनुसार शिवम् सिमेन्टको मुद्दामा सर्वोच्च र उच्चअदालते फैसला गरेपनि जिल्ला अदालतमा विचाराधीन रहेकोले लाईन काट्न नमिलेको बताए । 'सर्वोच्च र उच्चअदालते प्राधिकरणको पक्षमा फैसला गरेपनि जिल्ला अदालतमा यो मुद्दा विचाराधीन अवस्थामै छ,' खड्काले भने । उनका अनुसार शिवमले डेडिकेटेड फिडरको महशुल नतिरे पनि मासिक शुल्क भने तिर्दै आएको छ ।

### एक वर्षमा २ अर्व ३९ करोड विद्युत महशुल संकलन

नेपाल विद्युत प्राधिकरण हेटौंडा शाखाले गत आर्थिक वर्ष २०७९/८० मा २ अर्व ३९ करोड २३ लाख ६७ हजार ५ सय ११ रुपैयाँ विद्युत महशुल संकलन गरेको छ । जस्मा प्राधिकरण हेटौंडा शाखाले २ अर्व ३८ करोड १० लाख ८९ हजार २ सय ६ रुपैयाँको विद्युत विक्री गरेको लेखापाल खड्काले जानकारी दिए । उनका अनुसार गत आर्थिक वर्ष २०७८/७९ को खुद संकलन भन्दा कम रहेको छ ।

गत आव २०७८/७९ प्राधिकरण हेटौंडा शाखाले दुई अर्व ५२ करोड ६२ लाख ६५ हजार ८ सय ९२ रुपैयाँ संकलन गरेको थियो भने दुई अर्व ५३ करोड ३६ लाख ८० हजार ६ सय ७४ रुपैयाँको विद्युत विक्री गरेको थियो । तर, गत अघिल्लो आवमा प्राधिकरणको तारहरु सटडाउन हुने समस्या र मर्मत गर्दै दुई महिना लाग्दा रकम कम संकलन भएको जनाएको छ । तारहरुमा समस्या र थप आर्थिक संकटका कारण उद्योगहरु सञ्चालन नहुँदा पनि यो अवस्था सिर्जना भएको लेखापाल खड्काले जानकारी दिए ।

### ९ सय ४२ कालोसूचीमा

विद्युत प्राधिकरण हेटौंडा शाखाले हालसम्म विद्युत बक्यौता नतिर्ने ९ सय ४२ जनालाई कालोसूचीमा राखेको छ । प्राधिकरणले पटकपटक महशुल तिर्न ताकेता गरेपनि अटेर गरेका ९ सय ४२ जना ग्राहकलाई तीन पुस्तासम्म मिटर जडान गर्न नपाईने गरी कालोसूचीमा राखिएको लेखापाल खड्काले बताए । उनका अनुसार कालोसूचीमा रहेका ५ जनाले विद्युत बक्यौता तिरेपछि कालोसूचीबाट हटाइएको र ५ जनाबाट १ लाख २२ हजार ५ सय ९२ रुपैयाँ संकलन गरेको छ ।

### २६ सय ९ वटा ग्राहकको लाईन काटियो

विद्युत प्राधिकरण हेटौंडाले गत आव २०७९/८० मा २६ सय ९ वटा ग्राहकरुको लाईन काटेको थियो । विद्युत बक्यौता र कम बुझाउन ताकेता गरेपनि नतिर्ने ग्राहकको लाईन काटेको हो । २६ सय ९ वटा ग्राहकबाट प्राधिकरण हेटौंडा शाखाले ७ करोड ४२ लाख ८० हजार ४ सय ९५ रुपैयाँ बराबरको रकम उठाउनुपर्ने भएपनि १८ सय ४३ ग्राहकबाट मात्रै ६ करोड ३७ लाख ३२ हजार ७ सय ६ रुपैयाँ उठाएको लेखापाल खड्काले बताए ।

### थपियो ४ हजार नयाँ ग्राहक

प्राधिकरणमा हाल ग्राहक संख्या ७४ हजार ९४ जना रहेका छन् । गत आव २०७९/८० को एक वर्षमा ४ हजार ६ सय ७४ नयाँ ग्राहक थपिएको लेखापाल खड्काले जानकारी दिए ।

नेपाल विद्युत प्राधिकरणको हेटौंडा वितरण केन्द्रले मकवानपुर जिल्लाको हेटौंडा उपमहानगर पालिका, मनहरी, राक्सिराङ, मकवानपुरगढी, बकैया, बागमती गाउँपालिकाका सबै क्षेत्र र कैलाश गाउँपालिका तथा भीमफेदी गाउँपालिकाका अधिकांश क्षेत्रमा विद्युत सेवा उपलब्ध गराएको छ । जिल्लाको उत्तरीक्षेत्र थाहानगर र ईन्द्रसरोवर गाउँपालिकाको सबै क्षेत्र तथा भीमफेदी गाउँपालिकाको ३ र ९ नम्बर वडा, कैशाल गाउँपालिकाको १, २, ५ र ६ नम्बर वडा भने थाहानगरस्थित नेपाल विद्युत प्राधिकरणको पालुङ वितरण केन्द्रले विद्युत सेवा प्रदान गरिरहेको छ ।

### चोरी घट्यो

प्राधिकरण हेटौंडामा चोरी गर्ने संख्या भने घटेको छ । विगतमा धेरै चुहावट भएपनि अहिले सचेतनाका कारण चोरी संख्या घटेको पाइएको हो । विद्युत प्राधिकरण हेटौंडा शाखाका अनुसार अघिल्लो वर्षमा २१ जनाले विद्युत चोरी गरेको पाइएको छ । जस्मा चोरी गर्ने २१ जनाबाट प्राधिकरणले १ लाख ६६ हजार ९१ रुपैयाँ जरिवाना लिएको बताएको छ ।

# न्यूनतम पारिश्रमिक १७ हजार तोकियो

साझाकुरा संवाददाता

हेटौंडा, ३२ साउन/सरकारले २०८० साउन १ गतेदेखि लागू हुनेगरी न्यूनतम पारिश्रमिक निर्धारण गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले चियाबगान बाहेकका श्रमिक र चियाबगानका श्रमिकका लागि छुट्टाछुट्टै न्यूनतम पारिश्रमिक निर्धारण गरेको हो ।




श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम न्यूनतम पारिश्रमिक निर्धारण गरेको मन्त्रालयले जनाएको छ । जस अनुसार अब चियाबगान बाहेकक श्रमिकको न्युनतम पारि श्रमिक १७ हजार ३ सय कायम गरिएको छ । उपर्युक्त पारिश्रमिकको अतिरिक्त श्रम ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र प्रचलित कानून बमोजिम श्रम सम्झौता/नियुक्तिपत्र, श्रमिकले पाउने सञ्चयकोष र उपदान लगायतका सुविधाहरु अनिवार्य रुपमा हुनु पर्ने मन्त्रालयले जनाएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम स्थानीय तह वा नेपाल कानून बमोजिम अन्य निकायलाई न्यूनतम पारिश्रमिक निर्धारण गर्न अधिकार प्रदान गरिएकोमा त्यस्तो तह वा निकायले पारिश्रमिक निर्धारण गर्दा यो सूचनामा तोकिएभन्दा कम नहुने गरी निर्धारण गर्नुपर्ने मन्त्रालयले उल्लेख गरेको छ । न्यूनतम पारिश्रमिक भन्दा कम पारिश्रमिक लिने दिने गरी कसैले पनि कुनै रोजगार सम्झौता गर्न नपाइने मन्त्रालयले प्रष्ट पारेको छ ।

न्यूनतम पारिश्रमिक श्रम ऐन, २०७४ को दफा २८ बमोजिमको कानूनी व्यवस्थालाई समेत आधार बनाई लागू गरिएको मन्त्रालयले जनाएको छ । न्यूनतम पारिश्रमिक दिने सन्दर्भमा केही प्रावधानहरु फरक भएको अवस्थामा समेत यही न्यूनतम पारिश्रमिकलाई आधार बनाई समायोजन गर्न सकिने मन्त्रालयले उल्लेख गरेको छ ।

# डेढ महिनादेखि बस्न सकेन बागमती प्रदेशसभाको बैठक

साझाकुरा संवाददाता

हेटौंडा, ३२ साउन/प्राकृतिक प्रकोपले प्रदेशवासी समस्यामा रहेको बेला बागमती प्रदेश सरकारले प्रदेशसभा बैठक संचालन गर्न सकेको छैन । झण्डै २ महिनादेखि बैठक नै बसेको छैन ।

जसका कारण प्रकोप पीडितहरु मात्रै हैन किसानको समस्या समेत सम्बोधन हुन सकेको छैन । प्रदेशसभाको बैठक आह्वान नहुँदा कृषि विकास विधेयक प्रभावित भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार गरेको विधेयक मन्त्रालयमा नै अड्किएको छ । कृषिको आधुनिकीकरण, विविधिकरण र व्यावसायीकरणमार्फत् उत्पादकत्व वृद्धि गर्दै रोजगारी सिर्जना गर्ने र दिगो आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिएर तयार गरिएको कृषि विधेयक प्रदेशसभा बैकठ नतोकिएकै कारण अल्झिएको हो ।

मन्त्रालयले विधेयक संसदमा पेश गर्न आवश्यक सबै तयारी पूरा गरेको जनाएको छ । तर, बैठक आह्वान नहुदाँ विधेयक थन्किएको छ । २१ असारपछि स्थगित बैठक हालसम्म बस्न सकेको छैन । विधेयक संसदमा पेश गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सहमति समेत लिएको छ । मन्त्रालयले प्रदेशसभा आह्वान भएलगत्तै मन्त्रिपरिषद बैठकमा पेश गरेर स्वीकृत गर्ने र संसदमा विधेयक दर्ता गर्ने तयारी गरेको छ ।

मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीका अनुसार विधेयक तर्जुमाका सम्पूर्ण काम पूरा गरी क्याविनेटबाट स्वीकृति लिन बाँकी रहेको छ । प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले सरकारले अनुकूलतामा संसदलाई प्रयोग गरेको आरोप लगाएको छ । सरकारले संसदलाई बिजनेसविहीन बनाएको एमालेको आरोप छ । एमालेले यथाशीघ्र संसद सञ्चालनको माग गर्दै सरकारको ध्यानाकर्षण समेत गराएको छ । एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले सरकार सदनलाई बिजनेस दिन असफल भएको र नागरिकको समस्यामा मौन बसेको बताए । उनले महँगी र विपद्को समयमा समेत सदन बन्द गरेर सरकार बेखबर भएको आरोप लगाए ।

# १६३ जनामा डेंगु संक्रमण

साझाकुरा संवाददाता

हेटौंडा, ३२ साउन/मकवानपुरमा एक महिनाको अवधिमा डेंगू संक्रमितको संख्या १६३ जना पुगेको छ । जिल्लामा पछिल्लो २४ घण्टामा गरिएको परीक्षणबाट ७ जनामा डेंगू संक्रमण पुष्टि भएसँगै कूल संख्या १६३ पुगेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

स्वास्थ्य कार्यालयका अनुसार, यो तथ्याङ्क साउन १ गतेदेखि ३२ साउनसम्मको हो । जिल्लामा सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिमा रहेका छन् । यहाँ ११५ जनामा डेंगू संक्रमण पुष्टि भएको छ । यसैगरी, मकवानपुरगढी गाउँपालिकामा २ जना, मनहरी गाउँपालिकामा १ जना, भीमफेदी गाउँपालिकामा २ जना, बकैया गाउँपालिकामा १ जना, राक्सिराङ गाउँपालिकामा १ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

यस्तै, यो अवधिमा हेटौंडामा अस्पतालमा ४० जनामा र अन्य जिल्लाका एक जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । यस्तै, जिल्लामा डेंगू संक्रमणका कारण साउन १ गतेदेखि हालसम्म एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडाका एक जना पुरुष रहेका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

Join IT Career in HCC

Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)

Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)



यस हेटौँडा सिटी कलेजमा B.Sc.CSIT कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र श्री दिनेश खरेलले त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा 89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त) ल्याई नेपाल प्रथम हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, BSc. CSIT र BCA को 11 औं समूहको (2080 Batch) लागि प्रवेश परीक्षा तयारी कक्षा (Entrance Preparation Class) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

हेटौँडा सिटी कलेज/जेनिथ
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

साझाकुरा

## हाम्रो कुरा

# बढ्दो साइबर अपराध, सुरक्षामा चनौती

कुनै व्यक्तिको फेसबुक आईडी ह्याक गरेर ह्याकरले अश्लिल तस्बिरहरु हाल्ने र ठगी गर्ने गरेका गुनासोसहितको उजुरी मकवानपुर प्रहरीमा चाङ नै छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरमा एक वर्षको फरकमा दुईगुना भन्दा बढी साइबार अपराध सम्बन्धी उजुरी परेका छन् । सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै साइबर अपराध (इन्टरनेटको प्रयोग गरेर हुने अपराधका घटना) बढ्दै गएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । पछिल्लो समयमा सामाजिक संजालबाट थुपै अपराधका घटना बढ्दै गएको पाइएको हो । व्यक्तिको चरित्रहत्या गर्नेदेखि ज्यान मार्ने धम्की र रकम ठगी गर्ने धेरै घटना भएका छन् । मकवानपुरमा गत आर्थिक वर्ष ०७९/८० मा साइबर अपराध सामाजिक संजालको दुरुपयोगसम्बन्धी उजुरी १ सय ५५ वटा परेको जिल्ला प्रहरी कार्यालयको तथ्यांक्ले देखाएको छ । गत आवको साउन महिनामा ८ जनाले उजुरी दिएकोमा भदौमा २७ जनाले उजुरी दिएका छन् ।

गत असोज महिनामा २३, कार्तिकमा ६, मंसिरमा ११, पुसमा १३ र माघमा ६ जनाले उजुरी दिएका छन् । फागुनमा ११, चैतमा १२, बैशाखमा १४, जेठमा २३ र असारमा ११ जनाले उजुरी दिएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । उजुरी दिनेमा सबैभन्दा धेरै महिला ८५ जना र ७० जना पुरुष रहेका छन् । सबैभन्दा धेरै उजुरी फेसबुक आईडी ह्याक रहेको पाइएको छ । अघिल्लो वर्षमा ९२ वटा उजुरी फेसबुक आईडी ह्याक भएको पाईएको छ भने फेक फेकबुल आईडीबाट अनावश्यक तनाव दिने ६३ वटा उजुरी परेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ । उजुरी दिने १५ वर्षदेखि २० वर्ष उमेर समूहका ३२ जना र २१ वर्षभन्दा माथि उमेर समूहका १ सय २३ जना छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरमा गत आर्थिक ०७८/७९ मा १ सय ३७ वटा उजुरी परेको थियो । जसमा ९५ महिला र ७० जना पुरुषले उजुरी दिएका थिए । जनचेतनाको अभाव, स्वयम सचेत नहुँदा पनि यस्ता घटना बढन् गएको प्रहरीले बताएको छ । यस्तोमा व्यक्ति आफू स्वयं सचेत हुनुपर्ने प्रहरी बताउँछ । यस्ता घटना कम गर्नको लागि सामाजिक संजालमा नचिनेको मान्छेलाइ साथी नबनाउने, सामाजिक संञ्जालको पार्सवड गोप्य राख्ने, जथाभावि वेभसाईट, एप्लिकेशन, लिंक वा आफूलाई जानकारी नभएको कुरा नखोले साईबर अपराधका घटनामा कमि आउन सक्ने प्रहरीको सुझाव छ । साईबरसम्बन्धी अपराध हुने बित्तिकै प्रहरीले साईबर क्राईम अनुसन्धान ब्युरोमा थप अनुसन्धान र कारबाहीका लागि पठाउने गर्दछ ।

उजुरी दिएको तीन दिनमै आइडिलाई बन्द गरी समस्या समाधान गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । अपराधीसम्म पुग्नका लागि प्रहरी कार्यालयमा प्राविधिकको व्यवस्था नहुँदा थप अनुसन्धान अगाडि बढाउन साइबर ब्युरोबाट गर्नुपर्ने अवस्था रहेको छ । नेपाल प्रहरीका अनुसार पछिल्लो ८ महिनामा लगभग ५,००० साइबर अपराधका घटनाका उजुरी परेका छन् । जसमध्ये १६ प्रतिशत सेक्सटोर्सनका घटना छन् । कोही व्यक्तिसँग नग्न भएर भिडिओ कल गर्ने र त्यही भिडिओ रेकर्ड गरेर पछि ब्ल्याकमेल गरी पैसा असुल्न खोज्नुलाई नै सेक्सटोर्सन भनिन्छ । यसरी ह्याकरमा जाल पर्नेमा बढी पुरुष छन् । कम्प्युटर र इन्टरनेटको माध्यमबाट हुने यस्ता अपराध नियमनका लागि पर्याप्त कानुन नहुँदा अपराध नियन्त्रण प्रभावकारी हुन सकेको छैन । साइबर अपराधका विभिन्न स्वरुप हुने भएकाले फरक प्रकृतिका घटनामा फरक कानुन आकर्षित हुने भएपनि कानुनी छिद्रहरुका कारण अनुसन्धान प्रक्रियामा समस्या देखिने गरेको विगतका घटनाले नै देखाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ २ गते शनिबार १९ अगष्ट २०२३ । तृतीया, श्रावण कृष्णपक्ष । गुलात्थ्व ११४३ ने.सं. । सूर्योदय ५:३५, सूर्यास्त ६:३९ । बराह जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आनन्दको महसुस हुनेछ | **तुला** | : प्रेममा विवाद आउनसक्नेछ |
| **वृष** | : मन चञ्चल हुनेछ | **वृश्चिक** | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| **मिथुन** | : मान-सम्मान बढ्नेछ | **धनु** | : हाँसखेलमा दिन जानेछ |
| **कर्कट** | : धन लाभ हुनेछ | **मकर** | : मनमा धेरै कुरा खेल्ने छन् |
| **सिंह** | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | **कुम्भ** | : रमाइलो यात्राको योग परेको छ |
| **कन्या** | : नबोली बस्दा राम्रो हुनेछ | **मीन** | : मन प्रसन्न रहनेछ |

# प्रधानमन्त्रीको उल्झन



✍ किशोर नेपाल

धानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संघीय राजधानीमा कार्यरत 'छानिएका' सम्पादक-पत्रकारहरूलाई गएको सोमबार प्रधानमन्त्रीको सरकारी निवासमा भेटघाटका लागि निम्तो पठाउनुभएको थियो । दुर्भाग्यवश, त्यो दिन उहाँले पत्रकार भेटघाटका लागि समय मिलाउन सक्नुभएन ।

बालुवाटार वा ललिता निवास जग्गाको विवादमा दुई 'सम्मानित' नेता – पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल र बाबुराम भट्टराई – तानिएपछि उहाँहरू दुवैको व्यक्तित्वमा लागेको वा लाग्न खोजेको दागबारे छलफल हुँदै थियो ।

आफू गठबन्धनको सहयोग र समर्थनमा प्रधानमन्त्री बनेकाले गठबन्धनमा बाँधिएका नेताहरूको अवमानना गर्ने अवस्थामा प्रचण्ड हुनुहुन्नथ्यो । प्रधानमन्त्रीद्वारा प्रस्तावित सम्पादकहरूसँगको भेटघाट सोमबार हुन सकेन । तर, मंगलबार सम्पन्न भयो । लामो पत्रकारिता जीवनमा मैले कमै प्रधानमन्त्री पत्रकारहरूसँग भेट्न लालायित भएको देखेको छु । पञ्चायत व्यवस्था अन्तर्गत प्रधानमन्त्री हुनेमा तुलसी गिरि र सूर्यबहादुर थापा बोलक्कड मानिन्थे । धेरै त प्रेसबाट छड्किनै चाहन्थे । प्रजातन्त्रकालका प्रधानमन्त्रीहरूमा कृष्णप्रसाद भट्टराई र मनमोहन अधिकारी पत्रकारहरूसँग रमाउँथे । गिरिजाप्रसाद कोइराला आफ्नो पद र व्यक्तित्वको रोब जमाउँथे ।

गणतान्त्रिक नेपालका प्रधानमन्त्रीहरूमा प्रचण्ड प्रेससँग रमाउँछन् । तर, यो भेटघाटका लागि बोलाइएका पत्रकारहरूसँग ताजा प्रश्नहरू थिएनन् । हारीजिती सम्पादक-पत्रकारहरूको हातमा नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका र युरोपका केही देशमा निर्यात गरिएको घटना थियो । यो धोबी-चुटानमा परेर चिथ्रो भएको घटनाजस्तो भैसकेको थियो । राष्ट्रियता, राष्ट्रिय आत्मसम्मान र देशभक्तिको कुनै पनि सूत्र नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर धन कमाउने लालचीहरूविरुद्ध देखिन सकेन । बंगलादेशको राजधानी ढाकामा भएको सार्क सम्मेलनमा नेपालमा रहेका भुटानी शरणार्थीको अवस्थाको चित्रण गर्दै तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आर्तनाद गरेका थिए । त्यसपछि पनि केही भएन, कत्रो विडम्बना ! अब अहिले हल्ला मच्चाएर के हुन्छ । बरबाद भैसकेको नेपालको प्रतिष्ठा साबुत फर्किन्छ ।

सुन तस्करीसँग सम्बन्धित प्रश्नमा पनि कुनै दम थिएन । सुन तस्करी गरेर वा गराएर दलाली खाने चलन उहिलेकै हो । राजाले निर्दलीय पञ्चायत व्यवस्थाका नाममा शासन व्यवस्था चलाएको समयमा सुर्खेत जिल्लाबाट तत्कालीन राष्ट्रिय पञ्चायतका सदस्य चन्द्रबहादुर बुढाले त्रिभुवन विमानस्थलको बाटो आफ्नै ज्यान बराबर तौलको सुन बोकेर ल्याएको घटना नेपाली जनताको सम्झनाबाट मेटिइसकेको छैन ।

रह्यो कुरा राजा महेन्द्रले 'जायजेथा' गरेको नेपाली कांग्रेसका नेता तथा २०१८ सालमा भएको राजा र पञ्चायत व्यवस्थाविरुद्ध विद्रोहका कमान्डर जनरल सुवर्णशमशेरको ललिता निवास र परिसरले चर्चेको भूमिको कुरा । प्रचण्डले यो विषयमा प्रवेश गर्दै यथार्थ कुरा बताउनुभयो– सरकारी स्वामित्वमा आएका देशभरिका भूमिको सुरक्षा हुन सकेको छैन । सरकारी सम्पत्तिलाई आफ्नो बनाएर दलाली गर्नेहरूको ठूलो गिरोह छ, देशभरि । यो भूमाफियाविरुद्ध दह्रै कदम चाल्नु जरुरी छ । तर, अहिले त समस्या बल्झिएको छ । संसद् चल्न सकेको छैन । समय सुस्थिर छैन, अस्थिर छ ।

यस्तो किन भयो । २००७ सालको क्रान्तिले देशमा लोभको विस्तार गऱ्यो । राणा शासकहरूले गरेको मोजमज्जा जनताले देखेका थिए । त्यति बेलाको राजनीति काठमाडौंकेन्द्रित थियो । काठमाडौंको धनाढ्य वर्गमा राणा शासकविरुद्ध ईर्ष्याको भाव मजबुत थियो । राणाहरूले जस्तो खाने, लाउने, सिंगारपटार गर्ने र हैसियत देखाउने चलन त्यो परिवर्तनपछि नै सुरु भएको हो । कुलीन तन्त्रको प्रतिनिधित्व गर्ने वर्गसँगको ईर्ष्या भाव समाजमा हावी भएपछि राणाहरूको रवाफ रैथाने धनाढ्य वर्गमा सऱ्यो । रैथाने धनाढ्य वर्गमा पुँजी व्यवस्थापन गर्ने कौशल थिएन । त्यसैले देशमा गरिबीको विस्तार भयो । पुँजीको विस्तार हुन सकेन । लगानी नभएपछि पुँजीको निर्माण हुन सक्दैन । हरेक तहमा गरिबी फैलियो । अर्थशास्त्रीहरू भन्छन्– पुँजी विस्तार नभएको अवस्थामा गरिबी फैलिनु अस्वाभाविक होइन । जानिफकारहरू भन्छन्– नेपालका पुँजीपतिहरूले भारतमा पैसा थुपारेका छन् ।

प्रधानमन्त्रीलाई थाहा छ– समानता त समाजवादमा पनि आउँदैन । यो दुनियाँमा समाजवाद भनेको 'युटोपिया' हो । सामाजिक र आर्थिक विसंगतिको मूल कारण पत्ता नलगाएसम्म समृद्धि कतैबाट पनि आउँदैन । झन्डै चार हजार वर्ष पुरानो सभ्यतालाई धान्दै आएको देशमा धन नहुने त कुरै भएन । त्यो धन राजा-महाराजा, भाइ-भारदार, काजी-बडाकाजी कसको कब्जामा थियो । यो कसैले भन्न सक्दैन । इतिहासविद्हरूले पनि यी तथ्यहरूको उत्खनन गर्न सकेका छैनन् । राजा-महाराजाको हैसियतमा रहेका नेपालका शासकहरू सधैं कमजोर रहे । धनकी देवी कमजोर सँग बस्दिनन् । यो स्वाभाविक हो ।

अघिल्लो चुनावपछि माओवादी केन्द्र एमालेमा मिसिएको थियो । नेपालका कम्युनिस्टहरूलाई एकै सूत्रमा बाँधेर शासन गर्ने प्रचण्डको चाहना थियो होला । तर, तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली यसको पक्षमा देखिएनन् । ओली र प्रचण्डसँगै बस्न पनि सकेनन् । अन्तत: प्रचण्डले कम्युनिस्ट एकताका लागि गरेको त्यो प्रयोग खेर गयो । दोस्रो चुनावपछि प्रचण्डले आफ्नो व्यक्तिगत र संगठित आकांक्षाको समायोजन गर्नुभयो । यो समायोजनको नतिजा सोचेभन्दा राम्रै निस्कियो । तर, नेपाली कांग्रेससँगको सत्ता सम्झौता अचानक भंग भएपछि प्रचण्डले ठूलो राजनीतिक कौशल देखाएर एमालेबाट सरकार निर्माणका लागि सहयोग लिनुभयो । तर, एमाले अध्यक्ष ओलीका राजनीतिक नखरा पचाउन प्रचण्डका लागि सजिलो थिएन । त्यसपछि उहाँले चालेका पाइलाहरू निर्णायक साबित भएका छन् ।

अहिलेको राजनीतिक परिदृश्यमा एमाले र उसका सहयोगी पार्टीहरू सरकारमा प्रचण्डको नेतृत्वविरुद्ध देखिएका छन् । तर, उनीहरू अहिलेको गठबन्धन तोड्न सक्ने अवस्थामा छैनन् । कांग्रेसभित्र प्रचण्ड नेतृत्वको सरकारविरुद्ध आक्रोश देखिन्छ । तर, त्यसको कुनै अर्थ छैन । प्रचण्डसँग कांग्रेस सभापति शेर बहादुर देउवाका पनि असन्तुष्टिहरू छन् । तर, अहिले देउवा ती असन्तुष्टिलाई गिजोल्ने पक्षमा हुनुहुन्न । देउवाका लागि प्रचण्डको सरकार सुविधाजनक साबित भएको छ ।

तर, अहिलेको नेपाल कमजोर अवस्थामा छ । यसका आर्थिक, सामाजिक, सांस्कृतिक तन्तुहरू कमजोर भएका छन् । स्थानीय तह, प्रदेश र संघीय राजनीतिका घुमाउरा मोडहरूले विकासका कामहरू चलायमान हुन सकेका छैनन् । संघीय संसद्मा लगातार अराजक छाया मडारिएको छ । त्यसको प्रभाव प्रदेशमा परेको छ । सरकारले यी कुरा नबुझेको पक्कै होइन होला । त्यसका लागि आवश्यक गृहकार्य पनि गर्न सकेको छैन । संघीय गणतन्त्र नेपालको आकांक्षा त्यति बेला मात्र पूरा हुन सक्छ जति बेला संघको अभिभावकत्वमा प्रदेश र स्थानीय तहबीच समन्वय हुन्छ । त्यस्तो समन्वयको अभावमा न एक्लाएक्लै प्रदेशहरू चल्न सक्छन्, न त स्थानीय सरकारहरू नै चलायमान हुन सक्छन् ।

अहिलेको अवस्थामा संघीय सरकारको समन्वयकारी भूमिकाको समक्ष प्रधानमन्त्री प्रचण्डमा छ । तर, उहाँलाई अन्य विषयगत बेहोराले लखेट्न खोजेका छन् । देशको शासन-प्रशासनमा जुटेको कुनै पनि पार्टीको हैसियत पार्टीको जस्तो छैन । स्थानीय र प्रादेशिक तहका राजनीतिक नेतृत्व अनुदानको आशामा खुम्चिएको छ । मानिसलाई आफ्नो सामर्थ्यमा विश्वास छैन, नेताहरूको कृपामा निर्भर छ उनीहरूको जीवन । प्रादेशिक र स्थानीय तहको कुनै पनि पार्टीका नेताहरूमा एक जना मात्रै भए पनि सक्षम र इमानदार मानिस संघीय संसद्मा पुऱ्याउँदा नै देशको भलो हुन्छ भन्ने चेतना छैन ।

राजनीतिक दलहरू, चाहे ती जुनसुकै सिद्धान्तका वाहक होऊन्, अर्थ र गौरवको वाहक हुनुपर्छ । समाजवादी चिन्तक प्रदीप गिरि र प्रचण्डबीचको संवादमा दुवै नेताले पार्टीहरू गिरोह भएको चर्चा गर्नुभएको थियो । पार्टीका स्वार्थप्रेरित समूहका सदस्यहरूको बढोत्तरीका लागि पार्टीलाई गिरोह बनाइएकामा दुवै नेता क्षुब्ध हुनुहुन्थ्यो । वास्तवमा, त्यो क्षोभको कारण थियो । त्यस्ता गिरोहका अधिकांश सदस्य आफूले आन्दोलनमा योगदान दिएको गफ गर्थे । तर, नेपालमा जति पनि राजनीतिक आन्दोलन भएका छन्, ती नेताको नेतृत्वका कारणले होइन जनताको जागरणका कारणले भएका छन् । पार्टीहरू लोकतान्त्रिक छैनन् । नेतातन्त्रले डोऱ्याएको छ तिनलाई ।

प्रधानमन्त्री प्रचण्डका लागि अहिलेको अवस्था सामान्य छैन । एकातिर, काठमाडौं लगायतका सहरी क्षेत्रमा मानिसहरूको कोलाहल छ भने अर्कातिर अभावले तन्नम भएका जनता कहालिएका छन् । वैदेशिक रोजगारीका नाममा देशबाट हरेक दिन लगभग २,३०० मानिस विदेश पलायन हुँदै छन् भने शिक्षा आर्जन गर्ने नाममा ६०० युवकहरू बाहिरिँदै छन् । यो अवस्थालाई छिटोभन्दा छिटो नउल्टाएसम्म देश भासबाट उत्रिन सक्दैन । यसका लागि प्रधानमन्त्री प्रचण्डको एकाग्र भाव चाहिन्छ । देशको प्रधानमन्त्रीलाई सधैं सुन तस्कर र भूमाफियामै उल्झाइराख्ने हो भने बाँकी काम कहिले गर्ने । कहिले हामी आत्मनिर्भर हुने ।

प्रश्न प्रचण्डको मात्र होइन । भोलि प्रधानमन्त्री हुने जोकसैले पनि कि कामै गर्न हुँदैन कि त अहिलेदेखि नै शासनमा लागेको जालो हटाउनुपर्छ । प्रधानमन्त्री प्रचण्डले सम्पादक-पत्रकारहरूसँग छलफल गर्नुभएको छ, सरसल्लाह लिनुभएको छ । यो गतिलो कुरा हो । सम्पादक-पत्रकारहरूले सडकमा जथाभावी छरिएका कुरातिर मात्र प्रधानमन्त्रीको ध्यान आकर्षित नगरेर देशका मुख्य समस्यामा एकाग्र गराउन सके त्यो अत्यन्त गतिलो योगदान हुनेछ ।

*(साभार: ई-कान्तिपुर)*

# संसदमा एमाले: बलियो हुँदा विघटन, कमजोर हुँदा अवरोध

✍ युवराज चौलागाई

साउन २८ गते आइतबार नेकपा एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओलीले पार्टी कार्यालयमा पत्रकार सम्मेलन गरेर प्रधानमन्त्री प्रचण्डको राजीनामा माग गर्नुभयो । त्यसको दुई दिन अगाडि उहाँले देश पाकिस्तानको बाटोमा गएको टिप्पणी गर्नुभएको थियो । त्यसबाट पनि एक कदम अगाडि बढेर एमालेले संघीय संसदका दुवै सदन विगत केही हप्तादेखि निरन्तर 'कब्जा' गरिरहेको छ ।

यी तीन वटै विषय अत्यन्त गम्भीर छन् । किनभने गभर्मेन्ट इन वेटिङ मानिने संसदको प्रमुख प्रतिपक्ष दल मात्र होइन, नेपालको वाम तथा लोकतान्त्रिक आन्दोलनमा वर्तमान सरकार पक्षसँग निकटतम सहकार्य र योगदान गरेको नेकपा एमालेबाट आधिकारिक रूपमा यी काम र कुराहरू भइरहेका छन् ।

**सदन : अवरोध होइन, कब्जा**

प्रतिनिधिसभाको कुल २७५ मध्ये जम्मा ७९ सदस्य संख्या भएको एमालेले यतिबेला सत्तापक्षको १६० सदस्य संख्याको सुविधाजनक बहुमत भएको संसद एकलौटी कब्जा गरिरहेको छ । उसले चाहेको विषयहरूमा ऊ निर्वाध लामो समय लिएर भाषण गरिरहेको छ । त्यति मात्रै होइन, सत्तापक्षका सांसदलाई पनि छानी-छानी समय दिएर बोल्न समय उपलब्ध गराइरहेको छ । सत्तापक्षका सांसदहरू भने नियमापत्ति पनि गर्न समय नपाएर टुलुटुलु हेरेर बस्नुपरेको छ । सभामुख देवराज घिमिरेले पदीय गरिमा र सन्तुलन गुमाएर एमालेको इशारामा काम गर्दा आज संसदमा खेलाडी पनि एमाले र रेफ्री पनि एमाले भएको देख्न सकिन्छ । यसरी अहिले एमालेले सदन अवरोध मात्र होइन, कब्जा नै गरिरहेको छ ।

**बलियो हुँदा विघटन, कमजोर हुँदा बन्धक**

त्यसो त एमाले र संसदको सम्बन्ध त्यति सुखद रहेन । एमाले अध्यक्ष केपी ओलीलाई नेकपा कालमा देशले शक्तिशाली प्रधानमन्त्री बनायो तर उहाँले त्यही संसदलाई विघटन गरिदिनुभयो । त्यो राजनैतिक रूपमा क्रूर र कानुनी रूपमा असंवैधानिक हुँदाहुँदै पनि एमाले पंक्ति आश्चर्यजनक रूपमा अझै त्यो संसद विघटनको जयगान गाएर बसिरहेको छ । यो तथ्य एमालेले आफ्नै अनुहारमा कालो पोतेको कुरुप यथार्थ त हुँदै हो, नेपालको लोकतान्त्रिक इतिहासकै एउटा कालो अध्याय पनि भइसकेको छ ।

आज उही एमाले संसदमा प्रमुख प्रतिपक्षी दल हुँदै गर्दा संसदलाई निरन्तर बन्धक बनाएर बसिरहेको छ । नेपाली जनताले एमालेलाई के गर्नुपर्ने हो ? बलियो बनाउँदा संसदकै विघटन गरिदिने, कमजोर बनाउँदा सदन चल्नै नदिने । एमालेको अस्तित्वमाथि प्रश्न गर्ने ठाउँमा किन एमालेजन अघि बढ्दै छन् ? यो कुरा नेपाली सज्जन जनताले बुझ्न सकेका छैनन् ।

**घातक ध्रुवीकरण**

आज प्रचण्ड नेतृत्वको सरकारले देशमा सुशासनको पक्षमा काम गर्न खोजिरहेको छ । भ्रष्टाचारको विरुद्ध सरकारका बोल्ड स्टेपहरूले अब देशमा केही राम्रो हुँदैछ भन्ने सकारात्मक सन्देश प्रवाह भएको छ । नेपालको इतिहासमा पहिलो पटक जनता स्वतस्फूर्त रूपमा सडकमा आएर सरकारको कदमको पक्षमा आवाज उठाइरहेका छन् । तर, उदेकलाग्दो कुरा के छ भने एमाले यसबाट तर्सिएको छ ।

एमाले घोषित रूपमै सरकारको सुशासनको कदम विरुद्ध उभिएको छ । मनमोहन अधिकारी र मदन भण्डारी जस्ता सादगी नेताहरूले नेतृत्व गरेको पार्टीको यो दयनीय हालत दुनियाँले गम्भीरतापूर्वक मूल्यांकन गरिरहेको छ ।

केपी ओलीले इंगित गरेको पाकिस्तानको बाटो अत्यन्त दुर्भाग्यपूर्ण अवस्था हो । पाकिस्तानको बाटो भनेको दलहरू एकअर्कासँग मिल्नै नसक्ने ध्रुवीकरणको बाटो हो । सांकेतिक रूपमा त्यो बाटो जो सत्तामा आयो उसले विपक्षी दललाई पेल्ने, विपक्षी नेताहरूलाई झुटा मुद्दा लगाएरै भए पनि फसाउने र अन्तत: सबैले दु:ख पाउने दुश्चक्रको बाटो हो । आज नेपालको राजनीति त्यतै गएको विपक्षी नेताले विश्लेषण गर्नु अत्यन्त गम्भीर विषय हो ।

के नेपाल आज पाकिस्तानको बाटोमा छ त ? तथ्य के हो भने नेपाल सुशासनको लडाइँमा छ जुन नेपाली मौलिकताको एक कठोर संघर्ष हो तर यो नि:सन्देह पाकिस्तानको बाटोमा छैन । यदि सत्ताको दुरुपयोग गरेर विपक्षी नेताहरूलाई मात्र धरपकड गर्ने, एक दल सत्ताबाट हट्ने बित्तिकै त्यसमा नेताहरू जेल जान तयार भइहाल्नुपर्ने अवस्था हो भने त्यसो हो कि भनेर बहस गर्न पनि सकिन्थ्यो होला । तर, आज त सरकारले आफ्ना-पराइ कोही नहेरी अनुसन्धान गरिरहेको छ । नेपालको इतिहासमा कुन प्रधानमन्त्रीले दोषी भए मलाई पनि हत्कडी लगाए हुन्छ भनेर सार्वजनिक रूपमा भन्न सकेको छ ?

प्रधानमन्त्री प्रचण्डले पटक-पटक त्यसो भन्ने आँट गर्नुभएको छ । आफ्ना पालामा भ्रष्टाचारका बारेमा अनेक थरी समाचार आउँदा विगतका प्रधानमन्त्री केपी ओलीले त्यसो भन्न र गर्न आँट गर्नुभयो ? आज सुशासनको राष्ट्रिय लडाइँ अगाडि बढ्दा एमालेलाई हरेक दिन किन चस्का पसिरहेको छ, बुझ्न सकिएको छैन ।

आफू प्रधानमन्त्री हुँदा चर्चामा आएका यती, ओम्नी, वाइडबडी, कोरोना औषधि, सेक्युरिटी प्रिन्टिङ, गिरीबन्धु चिया लगायत अनेक काण्डमा गल्ती भएको छ र त्यसमा फसिने डर ओलीमा देखिन्छ । ती काण्डहरू आन्दोलन गरेर सामसुम नपारी छाड्दिनँ भन्ने कदापि ओलीले ठान्नुभएको छ भने त्यो कसै गरे पनि सम्भव हुँदैन ।

एमालेले भनेको एउटा कुरामा भने सहमति जनाउनुपर्छ । त्यो के हो भने भ्रष्टाचारको छानबिनमा पक्षपात र तेरो-मेरो हुनुहुँदैन । त्यसो भयो भने त्यो माओवादीलाई नै घातक हुनेछ भन्ने कुरामा माअरुवादी स्पष्ट छ । अहिलेसम्म भएको घटनाहरूले सरकार आफ्ना मानिसहरूलाई जोगाउन लागेको भन्ने कुरालाई कतैबाट पनि पुष्टि गर्दैनन् ।

ध्रुवीकरणको डरलाग्दो अर्को पक्ष के हो भने एमाले भोलि कुनै दिन सत्तामा फर्कियो भने छानी-छानी बदला लिन्छु भन्ने ठाउँमा पुगेको आशंका गर्न सकिन्छ । ओलीले सार्वजनिक घोषणा गरेझैं देश पाकिस्तानको बाटोमा गयो भन्ने आधार नदेखिए पनि भोलि ओली वा एमाले सत्तामा जाँदा अवश्य त्यसो हुनेछ भन्ने सन्देश आएको छ ।

**संसदीय वा उच्चस्तरीय छानबिन समिति : म्याद गुज्रिएको औषधि**

निरन्तर संसद अवरोध गर्दै आइरहेको एमाले एक्लैले दृश्य रूपमा अघि सारेको एउटै तर्क हो- विमानस्थलमा बरामद भएको सुन सम्बन्धी छानबिनका लागि उच्चस्तरीय छानबिन समिति बनाउनुपर्ने । विगतका अनुभवका आधारमा हेर्ने हो भने त्यसो गर्नै नसकिने चाहिं होइन तर यो तर्क एमालेले भने झैं अचूक अस्त्र पनि होइन ।

आज विमानस्थलबाट समातिएको अनुसन्धानको जिम्मा राजस्व अनुसन्धान विभागबाट पनि अघि बढेर नेपाल प्रहरीको केन्द्रीय अनुन्धान ब्यूरो समक्ष गइसकेको छ । एउटा राजनैतिक विवाद वा अन्य नखुलेको गुत्थीका बारेमा यस्तो अनुसन्धान गर्न सकिन्छ । यस्तो अनुसन्धान भएर पनि अन्त्यमा अपराध नियन्त्रण गर्ने राज्यका निकायमै कार्यान्वयनमा आउने हो भने ती निकायमै कार्यान्वयनमा आइरहेको अपराधबारे फेरि अर्को छानबिन समितिको माग गर्नुको अर्थ र औचित्य के हो ? यसले त एमालेको नियतमाथि अनावश्यक प्रश्न गर्न मात्र ठाउँ दिइरहेको छ ।

एमालेले यतिबेला भ्रष्टाचार विरुद्धको राष्ट्रिय लडाइँमा हामी पनि सरकारको साथमै छौं भनेर भन्न सक्नुपर्ने हो । यस्तो सवालमा नेपालको राजनीति पक्ष-प्रतिपक्ष भन्दा माथि छ भनेर सिंगो देशलाई एकताबद्ध पार्न सक्नुपर्ने हो । सरकारलाई आफ्ना मान्छे पनि नछाड, हाम्रा कोही छन् भने पनि लैजाउ तर निष्पक्ष छानबिन गर भनेर भन्न सक्नुपर्ने हो । तर, एमाले सुरुमै उल्टो बाटो हिंडिरहेको छ ।

अचम्मको कुरा त के छ भने एमालेभित्र पनि यसबारे कुनै बहस भइरहेको सुनिंदैन । एमालेभित्र रहेका अनेक विषयमा बोल्न सक्ने नेताहरू पार्टीले संसद र तत्कालीन राजनीतिबारे लिएको यस्तो गम्भीर प्रकृतिको उल्टो नीति र बाटो बारे बहस गरिरहेका छैनन् । उनीहरूले यसबारे पार्टी भित्र र बाहिर बहस चलाउन सके भने त्यसले एमाले मात्र होइन, सिंगो देशलाई नै फाइदा पुग्ने निश्चित छ ।

**भविष्यको डरलाग्दो संकेत : तोड्ने कसले ?**

नेपालमा भ्रष्टाचार एक महारोगका रूपमा रहेको छ । कुनै तथ्य तथ्यांकको जरूरी नै पर्दैन कि देशको हरेक क्षेत्रमा भ्रष्टाचारको जालो छ । यसले युवा जनशक्ति देशमा अडिन सकेको छैन । स्टार्ट अप बिजनेसहरूको हालत दयालाग्दो छ । ब्रेन ड्रेन र क्यापिटल ड्रेनको अवस्था अत्यन्त डरलाग्दो छ । गाउँघर वृद्धाश्रममा बदलिएका छन् ।

परम्परागत श्रम सम्बन्ध नासिने र नयाँ श्रम सम्बन्ध सुरु नै नहुने अक्करमा देश अड्किएको छ । नागरिकहरूमा आम निराशाको कालो बादलले छाडेकै छैन । के यसबाट देशलाई मुक्त गर्ने दायित्व राजनीतिक दलहरूको होइन ? आज प्रचण्ड नेतृत्वको सरकारले सुरु गरेको सुशासनको अभियानले त्यस दिशामा मद्दत गर्दैन ? गर्छ भने यसमा एमालेको विरोध किन ? यो अभियान एकै पटकमा सकिने होइन, बरु निरन्तर चल्ने अभियान हो । यसमा एमालेले आज सहयोगी भए मात्र भोलि नेतृत्वको भूमिका लिन सक्दछ । अन्यथा, यसै भन्न सकिंदैन ।

ट्रान्सपरेन्सी इन्टरनेशनलले गरेको अध्ययन अनुसार नेपाल संसारका भ्रष्टाचार हुने १८० मुलुकहरूमध्ये ११०औं स्थानमा छ । अत्यन्त खराब रेकर्ड रहेका संसारका मुलुक मध्येबाट निकाल्न हामीले नै बेलैमा पहल गर्नै पर्दछ । नेपालका प्रमुख दलहरू एकअर्काका दुश्मन होइनन्, सहयात्री हुन् । दलहरूले भर्खरै मात्र पूर्ण राजनैतिक लोकतन्त्रको सुरुवात गरेकोमा यसलाई जनजीवनसँग जोड्न अझै धेरै काम गर्न बाँकी नै छ । यो विन्दुमा दलहरू मिलेर नै काम गर्नुपर्दछ । एमालेले यो तथ्य मनन् गरोस् र सुशासनको राष्ट्रिय लडाईंमा सरकारसँग सहकार्य गरोस् ।

*(साभार: अनलाइनखबर)*

सर्वोच्चको व्याख्या :

# टीकापुर घटना चीरकालसम्म चहराइरहने जघन्य अपराध

काठमाडौं/सर्वोच्च अदालतले टीकापुर घटनालाई नेपाली समाजले कहिल्यै बिर्सन नसक्ने जघन्य फौजदारी कसुर भनेको छ । जन्मकैदको सजायविरुद्ध रेशम चौधरीले दिएको पुनरावेदनमा न्यायाधीशद्धय आनन्दमोहन भट्टराई र नहकुल सुवेदीको संयुक्त इजलासले २ जेठ २०८० मा उच्च अदालत दिपायलको फैसला सदर गर्ने निर्णय सुनाएको थियो ।

बुधबार सार्वजनिक भएको फैसलाको पूर्णपाठमा टीकापुर घटनामा अधिकारको आन्दोलनको मोहडामा सुरक्षाकर्मीमाथि योजनावद्ध आक्रमण भएको निष्कर्षसमेत छ निकालेको । फैसलामा यो घटनालाई 'पीडित र प्रभावित पक्षका लागि मात्र नभई समग्र नेपाली समाजलाई चीरकालसम्म चहराइरहने एउटा बिर्सनलायक तर, कहिल्यै बिर्सन नसकिने जघन्य फौजदारी कसुर' भनिएको छ ।

साथै राजनीतिक सहमति वा स्वार्थमा मुद्दा नचलाउने, फिर्ता लिन वा माफी मिनाहा गर्नु हाकाहाकी संविधान विपरीत हुनेसमेत बताएको छ ।

**अमानवीय र क्रुर**

थरुहट आन्दोलनका क्रममा ७ भदौ २०७२ मा भएको टीकापुर घटनामा ८ जना सुरक्षाकर्मी र एक बालकको मृत्यु भएको थियो । ३६ जना सुरक्षाकर्मी घाइते भएका थिए । सर्वोच्चले घटनामा मारिएकाहरुको क्रुर र विभत्स तरिकाले हत्या भएको बताएको छ । घटनापछि प्रहरीले तयार पारेको मुचुल्कालाई आधार मानेर फैसलामा ज्यान बचाउन घटनास्थल वरिपरिका घर/गोठभित्र लुकेका सुरक्षाकर्मीलाई बाहिर निकाली भाला, खुँडा र रडले प्रहार गरेको देखिएको उल्लेख गरिएको छ ।


सर्वोच्चको फैसलामा भनिएको छ, 'सभ्य समाजले सोच्नै नसक्ने किसिमले मानवीय चेतनाको विपरीत अत्यन्त क्रुर, बर्बर निशंस ढंगले वारदात घटाएको मिसिलबाट देखिन आउँछ ।'

घटना रातको समयमा वा एकान्तमा नभएकाले घाइतेबाहेक पनि घटनालाई देख्ने सयौं व्यक्ति रहेको र आरोपितहरुकै मोबाइलबाट खिचिएको भिडियो सीडीमा उतार गरेर सीमितमा राखिएको अदालतले बताएको छ ।

वारदात चित्रित गर्दा विस्मृतिवश वा नियतवश गलत तथ्यहरु उल्लेख हुनसक्ने भएपनि दशी प्रमाण, भौतिक चिजवस्तु लगायतको समग्र परिस्थिति मूल्यांकन गर्दा घटनाका यथार्थ चित्रण हुने भन्दै फैसलामा भनिएको छ, 'वस्तुत: व्यक्तिले झुट बोल्न सक्ला, तर भौतिक चिजवस्तु र वारदात हुँदाको वस्तुस्थिति र दशी प्रमाणले कहिल्यै झुट बोल्दैन । आवश्यकता त्यो परिस्थितिको सही र तर्कसम्मत विश्लेषण मात्र हो ।'

यो मुद्दामा घटनास्थलमा प्रशस्त सीसाका टुक्राहरु फुटेको, खेतबारीमा मानिस हिँडेको, बालिनाली कुल्चिएको, स्थानीय वीर बहादुर बराला लगायतका व्यक्तिको घर आँगनको पानी, नल्का बारेको इँटा भत्काएको, घटनास्थलमा घिसारिएको, मडारिएको, संगीता वर्माको घर आँगनमा भाँचिएको लाठी रहेको, घटनास्थलमा घर पोलेको खरानी, प्लास्टिक जलेको अवशेष रहेको, फलामे पाइप, घनजस्ता घरेलु हतियार फेला परेको, खेतमा प्रशस्त साना ठूला ढुंगा, बियरको खाली बोतल फेला परेको, रगतजस्तो लागिसकेको ढुंगाहरु फेला परेको व्यहोराले घटनाको स्वरुपको विहंगम चित्रण हुने सर्वोच्चको ठहर छ ।

आरोपितहरुको मोबाइलमा खिचिएको श्रव्यदृश्य सामग्रीयुक्त सीडीले घटनाको परिदृश्य एकपछि अर्को गर्दै श्रृखलाबद्ध रुपमा खुलेको भन्दै सर्वोच्च अदालतको फैसलामा भनिएको छ, 'मिसिलबाट प्रस्तुत वारदात पीडित र प्रभावित पक्षका लागि मात्र नभई समग्र नेपाली समाजलाई चीरकालसम्म चहराइरहने एउटा बिर्सनलायक, तर कहिल्यै बिर्सन नसकिने जघन्य फौजदारी कसुरका रुपमा घटित भएको देखिएको छ ।'




**अधिकार आन्दोलनको मोहरामा योजनावद्ध आक्रमण**

यो घटना संविधान सभाबाट संविधान निर्माण प्रक्रिया अन्तिम चरणमा रहेको बेला भएको थियो । आफ्नो सरोकारहरुलाई संविधानले सम्बोधन गरोस् भन्ने चाहना राख्नु र त्यसका लागि शान्तिपूर्ण सभा सम्मेलन वा प्रदर्शन गर्नु स्वभाविक भएको सर्वोच्चले बताएको छ । तर यो घटना अधिकारको आन्दोलनको आवरणमा योजनावद्ध रुपमा सुरक्षाकर्मीमाथि आक्रमण गरी घटाइएको अदालतको ठहर छ ।

फैसलामा भनिएको छ, 'तर प्रस्तुत मुद्दाको पृष्ठभूमि हेर्दा शान्तिपूर्ण रुपमा गरिएको सभा सम्मेलन एकाएक भड्किएर हिंसात्मक बन्न गएको नभई आन्दोलनको नेतृत्व गरिरहेका आपराधिक मनोवृत्तियुक्त केही व्यक्तिको योजना, तयारीका साथ अधिकारको आन्दोलनको मोहडामा योजनावद्ध रुपमा सुरक्षाकर्मीमाथि आक्रमण गरी प्रस्तुत वारदात घटाएको देखिन आउँछ ।'

घटना हुनुपूर्व आन्दोलनको नेतृत्वकर्ताहरुले भलमन्साको प्रयोग गरी मानिसहरु जम्मा गर्न लगाएको तथा लाठीभाला, खुँडासमेत घरेलु हतियारसहित उपस्थित हुने र आवश्यक परे मार्ने मराउनेसम्मको अवस्था हुने भएकाले तयारीका साथ आउन निर्देशन दिएको देखिएको फैसलामा उल्लेख छ ।

फैसलामा अगाडि भनिएको छ, 'उक्त निर्देशन केवल शान्तिपूर्ण आन्दोलनका लागि मात्र थियो भन्ने देखिन आउँदैन । शान्तिपूर्ण आन्दोलनमा सहभागी हुन आउँदा अघिल्लै दिनदेखि घरेलु हतियारसहित आउनु भनी भलमन्सा र चिराकीमार्फत उर्दी जारी गर्नु आवश्यक हुँदैन ।' सुरक्षाकर्मीको लापरवाही वा हेलचेक्र्याईंबाट घटना भएको पनि नदेखिएको फैसलाको ठहर छ ।

सार्वजनिक सम्पत्तिमा क्षति नपुगोस् भनेर गएका सुरक्षाकर्मीले भीडलाई चिमिल चौरहामा रोक्न खोजेको, तर करिव २.५ किलोमिटर पर रहेको पशुहाट बजार टीकापुर सम्म धकेल्दै लगेको देखिएको अदालतले बताएको छ ।

थप बल माग भएपछि अञ्चल प्रहरी प्रमुख आफैं घटनास्थल पुगेको भएपनि आन्दोलनकारीले सी आकारको घेरा बनाएको र अघिल्लो पंक्तिमा महिला र बालबालिकालाई राखेर प्रहरीलाई आक्रमण गरेको देखिएको फैसलामा उल्लेख छ ।

अघि भनिएको छ, 'भीडमा सी आकारको उपस्थितिबाट आक्रमण गर्दा सुरक्षाकर्मीहरु भाग्न सक्ने अवस्था नरहेको एवं अघिल्लो पंक्ति महिला बालबालिका राख्दा सुरक्षाकर्मीले बल प्रयोग गर्न समेत असुविधा हुने रणनीति र युद्ध कौशलको प्रयोग गरी आक्रमण गरेको देखिएबाट प्रस्तुत वारदात योजनावद्ध आक्रमण रहेछ भन्ने कुराको थप पुष्टि हुन गएको छ ।'

कतिपय अवस्थामा सुरक्षाकर्मीले पहिले आक्रमण गरे वा आवश्यकता भन्दा बढी बल प्रयोग गर्दा शान्तिपूर्ण सभा सम्मेलन समेत एकाएक हिंसात्मक आन्दोलनमा परिणत हुनसक्ने भएपनि टीकापुर घटना त्यसो नभएको सर्वोच्चले बताएको छ ।

'योजनाबद्ध र एकपक्षीय रुपमा सुरक्षाकर्मीलाई पेल्दै, धकेल्दै र लखेट्दै निहत्था बनाई निजहरुमाथि आक्रमण गरी ज्यान लिने र घाइते बनाउने कार्य गरेको देखिन आउँछ' फैसलामा भनिएको छ ।

**शान्तिपूर्ण बाटो छाडे कानुनले पक्रन्छ**

यो मुद्दाको बहसका क्रममा आरोपितको तर्फबाट बहस गरेका कानुन व्यवसायीहरुले टीकापुर घटना राजनीतिक प्रकृतिको भएकाले सामान्य फौजदारी कानुन अनुसार मुद्धा चलाउन नमिल्ने जिकिर गरेका थिए ।

तर सर्वोच्चले शान्तिपूर्ण बाटो छाडेर हिंसाको सहारा लिए फौजदारी कानुनले पनि आफ्नो बाटो पक्रिने बताएको छ । यो घटना पनि राजनीतिक प्रकृतिको भएकाले मुद्दा नचल्ने दाबीसँग सहमत हुन नसक्ने अदालतको ठहर छ । यस्तो निष्कर्षमा पुग्नुअघि सर्वोच्चले संविधानले नागरिकलाई दिएको स्वतन्त्रताको व्याख्या गरेको छ ।

संविधानप्रदत्त विचार र अभिव्यक्ति स्वतन्त्रता निरपेक्ष र सीमाविहीन नहुने भन्दै सर्वोच्चले अभिव्यक्ति स्वतन्त्रता अन्तर्गत कानुनले निषेध गरेको अपराधजन्य कार्य गर्ने वा त्यस्तो कार्य गर्न दुरुत्साहन गर्न पाउने अधिकार समेत समाहित हुने कल्पना गर्न नसकिने प्रष्ट पारेको छ ।

साथै संविधानको धारा १७ (२) मा बिना हात हतियार र शान्तिपूर्वक मात्र भेला हुन पाउने भनिएकाले यसले हात हतियार बोकी हिंसात्मक आन्दोलन गर्ने छुट दिएको अर्थ गर्न नमिल्ने सर्वोच्चको संयुक्त इजलासले बताएको छ ।

शान्तिपूर्ण सभा सम्मेलन र आपराधिक हिंसा दुई पृथक अवस्था हुने भन्दै सर्वोच्चले शान्तिपूर्ण सभा सम्मेलन गर्ने नाममा मुलुकको फौजदारी कानुनले निषेध गरेको आपराधिक कार्य गरिएमा त्यसलाई शान्तिपूर्ण सभा सम्मेलन गर्न पाउने हकले संरक्षण प्रदान गरेको भनी मान्न नमिल्ने बताएको छ ।

टीकापुर घटनालाई फौजदारी कानुन बमोजिम कारबाही गनुपर्ने तीन आधार प्रस्तुत गर्दै सर्वोच्चको इजलासले फौजदारी कानुनले निषेध गरेको कुनै पनि कार्य गर्नु कसुर भएको बताएको छ । 'कुनै कार्य कसुरजन्य कार्य हो वा होइन भन्ने सम्बन्धमा नैतिक वा सामाजिक दृष्टिकोणले हेर्दा फरक निष्कर्ष रहन सक्ला, तर कानुनी दृष्टिकोणबाट हेर्दा मुलुकको फौजदारी कानुनको उल्लंघनलाई कसुर, अपराध भनी परिभाषित गर्नुको विकल्प रहदैन', सर्वोच्च अदालतको फैसलामा भनिएको छ ।

फौजदारी कानुनले निषेध गरेको कार्य आपराधिक मनसायका साथ गरिने र त्यसलाई फौजदारी न्याय प्रणालीबाट सम्बोधन गर्नु संवैधानिक शासन व्यवस्थाको आधारभूत मान्यता रहेको भन्दै फैसलामा भनिएको छ, 'यस आधारमा हेर्दा निर्दोष र निहत्था व्यक्तिको अकारण र सामूहिक ज्यान लिने जस्तो कार्यलाई राजनीतिक वा अन्य कुनै पनि बहाना वा आवरणमा फौजदारी कानुनद्वारा निषेधित कसुर जन्य कार्य अन्तर्गत नपर्ने वा राजनीतिक वा अन्य कुनै पनि कारणबाट कसुरदारले सोबाट सिर्जित दायित्वबाट उन्मुक्ति प्राप्त गर्न सक्ने भनि मानिएमा संवैधानिक शासन व्यवस्था अन्तर्गत जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने प्रमुख दायित्व भएको राज्य आफ्नो कर्तव्यबाट च्यूत हुन गई अपराधीहरुको संरक्षकका रुपमा रुपान्तरित हुन पुग्छ ।' त्यसो भएमा मुलुकको कानुन व्यवस्था पीडकको हातमा पुग्ने र आवाजविहीन, निर्बल तथा निरीह नागरिकको जिउज्यान सधैं जोखिममा रही पीडित थप पीडित हुने तथा पीडकहरु समाजमा रवाफका साथ खुला रुपमा हिँड्न पाउने दुर्भाग्यपूर्ण परिस्थिति सिर्जना हुनजाने सर्वोच्चको ठहर छ ।

फैसलामा भनिएको छ, 'यस्तो अनपेक्षित अवस्था उत्पन्न हुन नदिन अदालत र न्यायिक निकाय लगायत कानुन कार्यान्वयन गर्ने राज्यका निकायहरु संवेदनशील हुनुपर्नेतर्फ यस इजलासको गम्भीर ध्यानाकर्षण भएको छ ।'

'संक्षेपमा लोकतन्त्रमा आफ्ना कुराहरु शान्तिपूर्ण र संगठित रुपमा राख्न पाइन्छ, तर त्यस्तो कार्यले शान्तिपूर्ण मार्ग छाडी जब हिंसाको सहारा लिन्छ, मुलुकको फौजदारी कानुनले आफ्नो बाटो पक्रन्छ । कुनै पनि बहानामा हिंसामा सहभागी हुने, उक्साउने, दुरुत्साहन दिने, सोका लागि षड्यन्त्र गर्ने, योजना बनाउने वा अन्य कुनै तरहले सहभागी हुने कार्यलाई मुलुकको फौजदारी कानुनले सहँदैन । यसबारे सबै स्पष्ट हुन जरुरी छ ।'

नेपालको जस्तो लोकतान्त्रिक शासन व्यवस्था र विधिको शासन सुदृढ भइनसकेको समाजमा राजनीतिक शक्तिको आडमा आपराधिक कार्यलाई समेत राजनीतिक रुप दिने जोमिख हुने समेत सर्वोच्च अदालतले बताएको छ ।

'अपराधको राजनीतिकरणले प्रचलित फौजदारी कानुनले निषेध गरेका जघन्य फौजदारी कसुरलाई समेत राजनीतिक रंग दिएर राज्यशक्तिमा पहुँच पुऱ्याउन सक्ने कसुरदारलाई फौजदारी दायित्वबाट उन्मुक्ति प्रदान गर्ने कुचेष्टा गरेको हुन्छ', यसले राजनीतिको आडभरोसामा कसुर गर्ने प्रवृत्ति मौलाउने भन्दै फैसलामा भनिएको छ, 'रगत लत्पतिएको हातहरुले राजनीतिक संरक्षण प्राप्त गरेमा मुलुकको फौजदारी कानुनले निषेध गरेको अपराधिक कर्म गरेको व्यक्ति नै ठूल्ठूलो आवाजका साथ निष्फिक्री समाजमा वितरण गर्ने अनपेक्षित अवसथा उत्पन्न हुन जान्छ ।' फौजदारी कानुनले बर्जित गरेको आपराधिक क्रियाकलापलाई राजनीतिक प्रकृतिको अपराध मान्नु आपराधिक क्रियाकलापलाई राजजीतिक उद्देश्य प्राप्त गर्ने साधनका रुपमा प्रयोग गर्न मान्यता दिनु भएको समेत सर्वोच्चको ठहर छ ।

अपराधको राजनीतिकरण मुलुकको संवैधानिक व्यवस्थाको समेत उल्लंघन भएको ठहर गर्दै सर्वोच्चले भनेको छ, 'त्यस्तो कार्यलाई राजनीतिक सौदाबाजी वा अन्य कुनै कारणबाट राजनीतिक पछ्यौरीले छोपी विषयवस्तुलाई दिशान्तर गरी कसुरजन्य कार्यको कारबाही प्रक्रियालाई न्यायिक निष्कर्षमा पुऱ्याउन अवरोध सिर्जना गरिएमा फौजदारी विचलन पैदा हुन जान्छ ।'

फौजदारी कसुरलाई राजनीतिक आवरणमा उन्मुक्ति कानुन पालनामा हुनुपर्ने समानता र तटस्थताको सिद्धान्त विपरीत हुने र समाजमा व्याप्त ठूलालाई चैन, सानालाई ऐन भन्ने भनाई चरितार्थ हुने सर्वोच्चले बताएको छ ।

'राजनीतिक आवरणमा कसुरदारलाई फौजदारी कसुबाट सृर्जित दायित्वबाट उन्मुक्ति दिँदा फौजदारी न्याय मर्छ' फैसलामा अगाडि भनिएको छ, 'वस्तुत: अपराध जसले गरेपनि अपराध नै हो । फौजदारी कानुनले व्यक्ति, पद वा उसको हैसियतलाई चिन्दैन ।'

अपराधको कुनै वाद वा सिद्धान्त नहुने भन्दै फैसलामा भनिएको छ, 'यसको सरोकार कर्तसंग रहँदैन, कार्यसँग रहेको हुन्छ । फौजदारी कानुनले राजनीतिक व्यक्तिले अवराध गरेमा राजनीतिक उद्देश्यले गरेको मानिने र अन्य व्यक्तिले अपराध गरेमा अपराधिक उद्देश्यले गरेको भनि फरक दृष्टिले हेर्दैन र अपराध गर्नेले सोबाट सृजित दायित्व वेहोर्नै पर्छ ।'

व्यक्ति हत्याजस्तो जघन्य कसुर अपराधलाई कुन उद्देश्यले त्यस्तो कार्य गरेको रहेछ भनी हेरी राजनीतिक वा अन्य अपराध भनेर वर्गीकरण गर्न खोज्नु निरर्थक र औचित्यहीन हुने सर्वोच्चको संयुक्त इजलासले बताएको छ ।

यस्तो वर्गीकरणले राजनीतिमा पहुँच पुऱ्याउन सक्ने वा राजनीतिलाई प्रभावित पार्न सक्ने व्यक्तिहरुले समाजमा घटाएका कुनै पनि कसुरजन्य कार्यलाई राजनीतिक अपराधका रुपमा वर्गीकृत गर्ने अपराधको राजनीतिकरणको कुरुप र डरलाग्दो परिदृश्य प्रकट हुने भन्दै सर्वेच्चको फैसलामा भनिएको छ, 'राज्य स्वयंले यस्तो अवस्थालाई प्रश्रय दिएमा त्यस्तो राज्य व्यवस्थामा कानुनको सशानको मूल्य मान्यताको उल्लंघन भएको भनी मान्नुपर्ने हुँदा त्यसतर्फ फौजदारी कानुन कार्यान्वयनका सरोकारवालाहरु जिम्मेवार, सजग र संवेदनशील र हनुपर्छ भन्ने यो इजलासको दृढ मान्यता छ ।'

**मुद्दा फिर्ता वा माफी संविधान विपरीत**

टीकापुर घटनाको फैसलाका क्रममा सर्वोच्च अदालतले राजनीतिक सहमतिका नाममा हुने मुद्दा फिर्ता वा कैद मिनाहमाथि समेत गम्भीर प्रश्न उठाएको छ । टीकापुर घटना राजनीतिक भएकाले मुद्दा नचल्ने जिकिरसँग सहमत हुने आधार र अवस्था नरहेको भन्दै फैसलामा भनिएको छ, 'फौजदारी कानुनको उल्लंघनलाई राजनीतिक सहमति वा राजनीतिक स्वार्थ वा राजनीतिक प्रकृतिको अपराधका नाममा फौजदारी कानुन बमोजिमको प्रक्रिया अवलम्बन गरी मुद्दा चलाउन नमिल्ने भन्नु वा त्यसरी चलाएका मुद्दालाई फिर्ता लिनु वा स्थापित मूल्य मान्यता र कानुनी व्यवस्था समेतको उल्लघंन हुने गरी माफी मिनाह दिने कार्य गर्नु मुलुकको संविधान, कानुन र न्याय सिद्धान्तको हाकाहाकी विपरीत हुने देखिन्छ ।'

**रेशम मुख्य योजनाकार**

सर्वोच्च अदालतले आफू निर्देश भएको भन्दै रेशमको दाबीलाई स्वीकार गरेको छ । तीन आधारले रेशमको कसुर शंकासहित तवरले पुष्टि भएको भन्दै सर्वोच्चले ज्यानसम्बन्धी महलमा सर्वस्वसहित जन्मकैद र ज्यान मार्ने उद्योगमा ५ वर्ष कैद सजाय गर्ने तल्ला अदालतको फैसला सदर गरेको हो ।

४ फागुन २०७४ मा जिल्ला अदालत, कैलालीमा उपस्थित भएका रेशमले पनि आफू घटनास्थलमै नभएको बयान दिएका थिए । त्यो दिन आफू ११ बजेतिर दुर्गौलीबाट फर्की गुलरियातिर हिँडेको दाबी गरेका थिए ।

तर टीकापुर घटनामा प्रहरीले अदालतमा पेश गरेको बयानमा पक्राउ सबैले अभियोग स्वीकार गरेका थिए । उनीहरुमध्ये धेरैले रेशम योजनाकार भएको बताएका थिए भने केहीले रेशमले नै सुरक्षाकर्मीलाई लाठी हानेको देखेको बताएका थिए । अदालतमा भने उनीहरुले इन्कारी बयान दिए । अनुसन्धान अधिकारीले निर्घात कुटपिट गरी इच्छा विपरीत जबर्जस्ती बयान कागजमा सहीछाप गर्न लगाएको भन्दै इन्कारी बयान दिए ।

(स्रोत: अनलाइनखबर)

# 'एक भगवत् गीता'ले भदौ २९ छाडेको हो ?



काठमाडौं/वर्षातको मौसम भएकाले असार र साउनमा खासै फिल्म प्रदर्शनमा आउँदैनन् । यसपालि पनि यस्तै भयो । यी दुई महिनामा आधा दर्जन फिल्म पनि प्रदर्शन भएनन् । तर, आगामी भदौमा फिल्मको बाढी छ । एकै मितिमा दुईटासम्म फिल्म भिड्दैछन्, भदौ चौंथो हप्ताबाहेक । यो हप्ता भने नेपाली निर्माताले बलिउड सुपरस्टार साहरुख खानको फिल्म 'जवान'लाई एक्लौटी छाडिदिएका छन् ।

आगामी भदौ २९ मा यो वर्षको अर्को ठूलो भिडन्त हुँदैछ । फिल्म क्षेत्रले नै नजर टिकाएको दुई फिल्म 'एक भगवत् गीता' र 'नाङ्गो गाउँ' एकसाथ प्रदर्शन हुँदैछन् । तर, यतिबेला 'एक भगवत् गीता'ले भदौ २९ गते छाडेको चर्चा चलिरहेको छ । अघिल्लो हप्तासम्म छायांकन भएकाले पनि निर्धारित मितिमा रिलिजको सम्भावना धेरैले कम देखेका छन् । निर्माण टिमले प्रचार पनि चर्काएको छैन ।

तर, निर्माता सुनिल कुमार थापा फिल्म निर्धारित मितिमै प्रदर्शन हुने दाबी गर्छन् । उनी एकपटक प्रदर्शन मिति हेरफेर गर्ने कि भन्ने मनस्थितिमा भने पुगेका थिए । एक हप्ताअघि आउने ठूलो हिन्दी फिल्म र भदौ २९ मा अर्को नेपाली फिल्मसँग भिड्नुभन्दा आफ्नो फिल्मलाई पछाडि सार्ने विषयमा उनले वितरकसँग छलफल गरेका थिए । तर, अब फिल्मले भदौ २९ नछाड्ने निश्चित भएको छ ।

'एकपटक चाहिँ म फिल्म नजुधाउँ कि भन्ने सोचमा पुगेको थिएँ । तर, अरु महिनामा पनि डेट खाली नभएकाले भदौ २९ मै रिलिज गर्न उचित देख्यौं । यो हप्ताबाट प्रचारलाई तीव्र बनाउँदै लान्छौं,' थापाले भने । करिब एक महिनाअघि सार्वजनिक भएको फिल्मको टिजरले सकारात्मक प्रतिक्रिया प्राप्त गरेको छ । टिजरमा अभिनेता विपिन कार्की 'ट्रान्सजेन्डर वुमन'को भूमिकामा देखिएका छन् ।

झरना थापाको रहेको फिल्ममा विपिनसँगै सुहाना थापा, धिरज मगर, कबीर खड्का, जेविस र जेविन श्रेष्ठ, संजोग रसाइली, मुकेश झा, अनुराग कुँवर, राम कैलाश ठाकुर, धिरज ठाकुरलगायतको पनि अभिनय छ । फिल्मको कथा निर्देशक थापा स्वयंको हो भने उनीसँगै सरिन पोखरेल, परिक्षेद सेन, पुरुषोत्तम ढंगेल र कृष्णको पटकथा छ । फिल्ममा परिक्षेद र पुरुषोत्तमको संवाद लेखन छ ।

# सलोनको स्वरमा 'जय हो'को 'सपनाको वेडिङ्ग' गीत



काठमाडौं/आगामी भदौ ८ गतेबाट प्रदर्शनमा आउन लागेको टेक पौरखी राई निर्देशित लभस्टोरी फिल्म 'जय हो'को रोमान्टिक भावको नयाँ गीत सार्वजनिक गरिएको छ । 'सपनाको वेडिङ्ग' बोलको गीतमा फिल्मका मुख्य अभिनेता सलोन बस्नेतको शब्द, संगीत तथा स्वर रहेको छ । गीतको भिडियोमा उनी स्वयं रिसाएकी प्रेमिका केकी अधिकारीलाई गीत गाएर फकाइरहेको अवस्थामा चित्रित छन् ।

शोभित बस्नेत प्रस्तुतकर्ता रहेको फिल्ममा माओत्से गुरुङ, निशा अधिकारी, अर्पण थापा, सुमिन गुरुङ, सुशान्त श्रेष्ठ, कुमार थिङ र सुबि मगरको पनि अभिनय छ । सलोन सलिना फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्मको निर्मातामा सुरज ल्वागन (सरकार) र राज के अधिकारी रहेका छन् । 'जय हो'मा समावेश 'म आगो भए तिमी पानी हुनुपर्छ' बोलको गीत यतिबेला सर्वाधिक चर्चामा छ ।

यस फिल्ममा बनिश शाहको सम्पादन, सुरेश न्यौपानेको लेखन, शम्भुजित बाँस्कोटा र सागर आले मगरको संगीत, सम्राट बस्नेतको द्वन्द्व निर्देशन, कविराज गहतराज र रामजी लमिछानेको कोरियोग्राफी, सौरभ लामाको छायांकन र समीर मियाँको भीएफएक्स छ । 'जय हो'माथि यतिबेला फिल्म क्षेत्रकै नजर अडिएको छ । फिल्मको बढ्दो चर्चाले बक्स अफिसमा सुखद प्रदर्शनको संकेत गर्छ ।

# 'रावायण'मा प्रमोद हिरो कि भिलेन ?



काठमाडौं/खलपात्रको भूमिकामा अक्सर खोजिने कलाकार हुन्, प्रमोद अग्रहरी । यद्यपि, उनी कमै फिल्ममा झुल्किन्छन् । तर, जुन फिल्ममा काम गर्छन्, अभिनयको प्रशंसा टुट्दैन । उनी अब सुपरस्टार अनमोल केसीसँग फिल्म 'रावायण'मा देखिने भएका छन् । फिल्ममा उनी भिलेनको भूमिकामा भित्रिएको हुनसक्ने आँकलन गरिएको छ । तर, निर्माण पक्षले यो विषयमा कुनै जानकारी गराएको छैन ।

आगामी भदौदेखि छायांकन सुरु हुने बताइएको एक्सन-लभस्टोरी फिल्मको निर्देशन सुदर्शन थापाले गर्नेछन् । शिवम् अधिकारीको कथा, पटकथा तथा संवाद रहेको फिल्ममा अनमोल दोहोरो भूमिकामा प्रस्तुत हुने जानकारी प्राप्त छ । उनको जोडी नीति शाहसँग बाँधिने तय भैसकेको छ । यसअघि तीनवटा फिल्म सम्झौता गरेकी नीतिको अभिनयको हिसाबले डेब्यू भने 'रावायण'बाट हुनेछ ।

सुदर्शन थापा प्रोडक्सनको ब्यानरमा सुप्रिया कटुवालको निर्माण रहने यो फिल्ममा शिल्पा मास्के र कामेश्वर चौरासियाको पनि मुख्य भूमिका रहनेछ । सौरभ लामाको छायांकन, श्री श्रेष्ठको द्वन्द्व निर्देशन तथा विक्रम स्वारको कोरियोग्राफी रहने फिल्ममा पुष्कर लामा प्रोडक्सन डिजाइनर र प्रोडक्सन म्यानेजरको जिम्मेवारीमा सुदीप ढकाल छन् । फिल्मको टाइटल क्यारेक्टरमा अनमोल रहनेछन् ।

# हसनले वैदेशिक रोजगारीको कथामा 'प्रस्थान' बनाउने

काठमाडौं/दुई फिल्म 'अलविदा' र 'रोमियो'का निर्माता तथा अभिनेता हसनराजा खान अब आफैं फिल्म निर्देशनमा उत्रने भएका छन् । यसै हप्ता अमेरिकाको न्यूयोर्कमा आयोजित 'ग्लोबल नेपाली फिल्म अवार्ड'मा उनले आफ्नो निर्माण तथा निर्देशनमा बन्न लागेको फिल्म 'प्रस्थान'को औपचारिक निर्माण घोषणा गरेका हुन् । वैदेशिक रोजगारीको कथामा आधारित भएर फिल्म बन्ने उनले बताएका छन् ।

फिल्म दुबई र नेपालमा खिचिनेछ । हसन लामो समयदेखि व्यावसायको सिलसिलामा दुबईमा बस्दै आइरहेका छन् । 'रोमियो'पछि उनले फिल्मबाट दूरी बनाएका थिए । फिल्मको निर्माणमा दुबईको कम्पनी किव्रा इभेन्ट्सले समेत सहकार्य गर्नेछ । 'प्रस्थान'लाई हिन्दी भाषामा डब गरेर भारतका हलमा प्रदर्शन गर्ने योजनामा हसन छन् । फिल्ममा अहिलेसम्म कलाकारको टुंगो लागेको छैन ।

हसनको अभिनय करिअर फिल्म 'साथी म तिम्रो'बाट सुरु भएको थियो । यसपछि उनी आफैं फिल्म निर्माणमा होमिए । सन् २००९ मा 'मिस्टर राजधानी'को उपाधि जितेका उनले फिल्म 'अलविदा'बाट नेफ्टा अवार्डमा उत्कृष्ट डेब्यू अभिनेताको अवार्ड जितेका थिए । हसन मुश्लिम समुदायबाट प्रतिनिधित्व गर्छन् । नेपाली फिल्ममा मुश्लिम समुदायका कलाकार औंलामा गन्न सकिने मात्र छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# विद्यालय शिक्षा क्षेत्र सुधारका लागि ७८ करोड अमेरिकी डलर सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ३२ साउन/ नेपाल सरकारको विद्यालय शिक्षा क्षेत्र सुधार १० वर्षे योजनाको कार्यान्वयनका लागि ८ विकास साझेदार संस्थाले संयुक्त वित्तीय सम्झौताअन्तर्गत ७८ करोड अमेरिकी डलर विकास सहायता दिने भएका छन् । एसियाली विकास बैंक, युरोपेली संघ, फिनल्यान्ड सरकार, शिक्षाका लागि वैश्विक साझेदारी, नर्वे सरकार, युनिसेफ, यूएसएआईडी र विश्व बैंकले आगामी ५ वर्षमा यो बजेट सहयोग गर्ने प्रतिबद्धता जनाएका हुन् ।

नेपाल सरकारसँग गरिने संयुक्त वित्तीय सम्झौतालाई बिहीबार अन्तिम रुप दिन आयोजित कार्यक्रममा यो जानकारी दिइएको हो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्वमा तयार गरिएको योजनाले नेपालका सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षामा समावेशी पहुँच सुनिश्चित गर्ने र नेपालको दीर्घकालीन लक्ष्यलाई सहयोग गर्ने उद्देश्य लिइएको छ ।

सरकारले वृहत् शिक्षा क्षेत्रको विश्लेषण र कार्यान्वयनकर्ता, सरोकारवाला र लाभग्राहीसँगको परामर्शको आधारमा रणनीतिक योजना तयार गरेको हो । योजनाले पूर्वप्राथमिकदेखि कक्षा १२ सम्म नेपालको सम्पूर्ण विद्यालय शिक्षा क्षेत्रलाई समेट्छ, जसमा बालबालिका र युवाहरुका लागि अनौपचारिक शिक्षा तथा वैकल्पिक मार्ग समावेश छन् । यसमा शिक्षा क्षेत्रलाई दिगो विकास लक्ष्य २०३० को समय रेखाभन्दा पर सन् २०३२ मा पूरा गर्ने लक्ष्य राखिएको छ ।

सम्झौतालाई अन्तिम स्वरुप दिन आयोजित कार्यक्रममा मन्त्रालयका सचिव सुरेश अधिकारीले नेपालका बालबालिका र युवाहरुको शिक्षालाई अभिवृद्धि गर्न लागि निरन्तर सहयोग र सहकार्य गरेकोमा संयुक्त वित्तीय साझेदार हरुलाई धन्यवाद दिए । कार्यक्रममा संयुक्त वित्तीय साझेदारहरुले विद्यालय शिक्षा क्षेत्र योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न सरकारलाई सहयोग गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याउनुका साथै बालबालिकाको सिकाइमा कोभिड-१९ महामारीले पारेको तत्कालीन र दीर्घकालीन प्रभावलाई पनि सम्बोधन गरे ।

संयुक्त वित्तीय साझेदारहरुले योजनालाई सान्दर्भिक बनाउन तथा कार्यान्वयन गर्न सातवटै प्रदेश र सात सय ५३ स्थानीय सरकारमा संस्थागत क्षमता अभिवृद्धि गर्नका लागि सहयोग गर्न पनि प्रतिबद्धता जनाएका थिए । युनिसेफ र फिनल्यान्ड दूतावासले विगत दुई वर्षदेखि शिक्षा विकास साझेदार समूहको सम्पर्क केन्द्रविन्दु तथा सहसम्पर्क केन्द्रविन्दुका रुपमा काम गर्दै आएका छन् । उनीहरुले आसन्न सम्पर्क तथा सहसम्पर्क केन्द्रविन्दु क्रमश: विश्व बैंक र यूएसएआईडीलाई आफ्ना जिम्मेवारी हस्तान्तरण गरेका छन् ।

# मनहरीको कार्यपालिका बैठक प्रत्येक वडामा बस्ने निर्णय




साझाकुरा संवाददाता

हेटौंडा, ३२ साउन/ मनहरी गाउँपालिकाको गाउँ कार्यपालिका बैठक प्रत्येक वडा कार्यालयमा बस्ने जनाइएको छ । बिहिबार गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवं कार्यपालिकाका सदस्यसचिव मोहनकुमार श्रेष्ठले यो कुरा जानकारी दिएका हुन् ।

'कार्यपालिका बैठकलाई पालिकामा मात्र सीमित नराख्ने उद्देश्यले जनप्रतिनिधिले नै यो निर्णय गर्नुभएको हो' , श्रेष्ठले भने, 'कतिपय सदस्यहरु टाढाबाट पनि आउनुपर्ने भएकाले सबैलाई समान गर्न यो नयाँ अभ्यास थालेका हौं ।'

गाउँपालिकाको कार्यपालिका वैठक नियमित गर्न केही समयअघि महिनाको २ पटक अनिवार्य गर्ने निर्णय भएको थियो । आपतकालीन बैठकबाहेक हरेक महिनाको १ र १६ गते बस्ने बैठक पालैपालो सबै वडामा मोवाईल बैठक हुने श्रेष्ठको भनाई छ । भाद्र १ गतेको कार्यपालिका बैठक वडा नं ८ को कार्यालयमा हुने उनले बताए ।

# विद्यार्थी अकर्षित गर्न पालुङ क्याम्पसमा टिकटक प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, ३२ साउन/ स्नातक तहका नयाँ विद्यार्थीका लागि भर्ना खुलेको विषयलाई प्रचारप्रसार गर्न पालुङ बहुमुखी क्याम्पसले टिकटक प्रतियोगिता गर्ने भएको छ । अहिले सोसल मिडियामा टिकटकको क्रेज बढिरहेको बेला यसको उपयोग गर्दै क्याम्पसले टिकटक प्रतियोगिता गर्न लागेको हो ।

क्याम्पसमा क्रियाशील स्वतन्त्र विद्यार्थी युनियनको आयोजनामा हुने प्रतियोगिताको सूचना जारी गरिसकिएको स्ववियु अध्यक्ष पुस्कल श्रेष्ठले जानकारी दिए । आगामी २० भदौसम्म प्रतियोगितामा सहभागी हुन सक्ने गरी जारी सूचनामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमश: ५ हजार, ३ हजार र २ हजार नगद पुरस्कारको घोषणा गरिएको छ ।

टिकटक क्याम्पसको नयाँ विद्यार्थी भर्ना अभियानलाई सहयोग पुग्ने हुनुपर्नेछ । प्रतियोगितामा सहभागी हुने टिकटक बढीमा ३ मिनेटसम्मको हुनुपर्ने र प्रचारसामग्री उत्पादनकर्ताले आफ्नो टिकटक प्रोफाइलमा अपलोड गरी क्याम्पसको फेसबुक मेसेन्जरमा लिंक पठाउनुपर्ने जनाइएको छ ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त पालुङ बहुमुखी क्याम्पसले शैक्षिक सत्र २०८०/८१ का लागि स्नातक तहको बिए प्रथम वर्ष र बिबिएस प्रथम वर्षमा भर्ना खुलेको जनाएको छ । बिएमा अंग्रेजी, समाजशास्त्र, नेपाली र अर्थशास्त्र मुख्य विषय रहेको क्याम्पस प्रमुख राजन मिश्रले जानकारी दिए ।

# पुरस्कार नपाएपछि सामाजिक संजालमार्फत माग

साझाकुरा संवाददाता

हेटौंडा, ३२ साउन/ आर्थिक बर्ष २०८०/८१ को सुरुवातमै निक्कै तामझामका साथ आयोजना भएको वडाअध्यक्ष कपको पुरस्कार नपाएको भन्दै प्रतियोगिता बिजेता एफसी सिम्पानीले सामाजिक संजालमार्फत रकम उपलब्ध गराउन आग्रह सहित पत्र लेखेको छ ।

मनहरी गाउँपालिका वडा नम्बर ९ केदारेश्वर युवा क्लबद्वारा सन्चालन गरिएको मनहरी गाउँपालिकास्तरीय मनहरी वडाअध्यक्ष कप २०८०/०४/०४ गतेदेखि २०८०/०४/१३ गते सम्पन्न फुटबल प्रतियोगिता भब्यरुपमा सम्पन्न भएको थियो ।

प्रथम स्थान हासिल गरेसंगै एफसी सिम्पानीले नगद ५० हजार रुपैयाँ प्राप्त गर्ने भनिएता पनि खेल सकिएको ३ हप्ता बितिसक्दा पनि कुनै टुङ्गो नलागेकाले बाध्य भएर सामाजिक सन्जालमार्फत् खुल्ला आह्वान गर्न परेको एफसी सिम्पानीका म्यानेजर राजेन्द्र मुक्तानले जानकारी दिए ।

पटकपटक गरी पुरस्कार रकम दिने भाका नाघिसक्दा पनि रकम नपाउनु भनेको लाजको पराकाष्ठ भएको भन्दै क्लबका अध्यक्षले पछिल्लो समयमा आफ्नो फोन नउठाएको गुनासो समेत खेलाडीहरुले सुनाए ।

# प्रहरी कार्यालयहरुलाई ३ तहमा वर्गीकरण गरेर नयाँ सरुवा मापदण्ड लागु



काठमाडौँ, ३२ साउन/ प्रहरी प्रधान कार्यालयले सरुवा मापदण्ड संशोधन गरेको छ । 'प्रहरी कर्मचारीको सरुवा सम्बन्धी माापदण्ड -२०७९' लाई संशोधन गरेर नयाँ तयार गरिएको हो । नयाँ मापदण्ड अनुसार प्रहरी युनिटहरुलाई 'क', 'ख' र 'ग' मा वर्गीकरण गरिएको छ ।

प्रहरी नायव महानिरीक्षक (डीआईजी) बस्ने कार्यालयलाई 'क' र 'ख' सहित दुई तहमा वर्गीकरण गरिएको छ । सातवटै प्रदेश प्रहरी कार्यालयलाई 'क' वर्गमा र अख्तियार दुरुपयोग अनुसन्धान आयोगस्थित प्रहरी महाशाखा समेतका १२ वटा कार्यालयलाई 'ख' श्रेणीमा राखिएको छ । डीआईजीहरु कार्यालय प्रमुख भएका ११ वटा कार्यालयलाई 'क' श्रेणीमा राखिएको छ । डीआईजीको सरुवा गर्न गृह मन्त्रालयमा सरुवा सिफारिस गर्दा 'क' र 'ख' श्रेणीका कार्यालयहरुबिच आलोपालो सिफारिस गरिने मापदण्डमा उल्लेख छ । प्रहरी नियवमाली अनुसार डीआईजीको सरुवा प्रहरी प्रधान कार्यालयको सिफारिसमा मन्त्रालयले गर्ने व्यवस्था छ ।

प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) बस्ने कार्यालयहरुलाई ३ तह 'क', 'ख' र 'ग' मा वर्गीकरण गरिएको छ । उपत्यका अपराध अनुसन्धान कार्यालय, जिल्ला प्रहरी परिसर ललितपुर र जिल्ला प्रहरी परिसर काठमाडौँलाई 'क' वर्गमा राखिएको छ । एसएसपी इन्चार्ज हुने १३ वटा कार्यालय 'क' वर्गमा छन् । मानव बेचविखन ब्यूरो र लागुऔषध नियन्त्रण ब्यूरोसहित ११ युनिटलाई 'ख' र ३३ वटा कार्यालयहरुलाई 'ग' श्रेणीमा वर्गीकरण गरिएको छ । एसएसपीहरुलाई सरुवा गर्दा सुरुमा 'ग' र 'ख', त्यसपछि 'क' मा सरुवा गर्नेगरी मापदण्ड स्वीकृत गरिएको छ ।

प्रहरी उपरीक्षक (एसपी) बस्ने कार्यालयहरुलाई पनि ३ तहमा वर्गीकरण गरिएको छ । जिल्ला प्रहरी कार्यालय झापा, मोरङ र सुनसरी समेत २४ वटा युनिटलाई 'क' श्रेणीमा राखिएको छ । जिल्ला प्रहरी कार्यालय ईलाम, धनकुटा र सिन्धुलीसहित २६ वटा कार्यालयलाई 'ख' श्रेणीमा राखिएको छ । प्रहरी गण, पहरा गण र विशेष सुरक्षा गणलाई 'ग' श्रेणीमा वर्गीकरण गरिएको छ । कार्यालय प्रमुखको रुपमा सरुवा गर्दा ३ श्रेणीका कार्यालयहरुमा आलोपालो सरुवा गरिने प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

नयाँ मापदण्डअनुसार पहिलोपटक कार्यालय प्रमुख खटाउँदा बढुवा भएको ६ महिनापछि मात्र एसपीहरुले कार्यालय प्रमुखको जिम्मेवारी पाउँछन् ।

प्रहरी नायव उपरीक्षक (डीएसपी) कार्यालय प्रमुख हुने कार्यालयहरुलाई पनि ३ तहमा वर्गीकरण गरिएको छ । जिल्ला प्रहरी कार्यालय ताप्लेजुङ, पाँचथर, संखुवासभा, भोजपुर, ओखलढुंगा र रामेछाप लगायत २८ वटा कार्यालयलाई 'क' श्रेणीमा राखिएको छ । जिल्ला प्रहरी कार्यालय तेह्रथुम, खोटाङ, र मनाङ सहित ३९ युनिट लाई 'ख' र प्रहरी वृत्त कीर्तिपुर, चापागाउँ सहितका २१ वटा कार्यालयलाई 'ग' श्रेणीमा राखिएको छ । कार्यालय प्रमुखको रुपमा सरुवा गर्दा ३ श्रेणीका कार्यालयहरुमा आलोपालो हुनेगरी सरुवा गरिने प्रहरी प्रधान कार्यालयले जनाएको छ । पहिलो पटक कार्यालय प्रमुखको रुपमा खटाउँदा डीएसपीमा बढुवा भएको ६ महिनापछि मात्र कार्यालय प्रमुखको जिम्मेवारी दिइने मापदण्डमा उल्लेख गरिएको छ । 'ग' र 'ख' श्रेणीको कार्यालयमा काम गरेपछि मात्र डीएसपीहरु 'क' श्रेणीको कार्यालयमा सरुवा हुन पाउँछन् ।

डीएसपी दर्जाको सेवा अवधिमा न्यूनतम् दुई वटा र अधिकतम ३ वटा कार्यालयको प्रमुख हुने पाउनेगरी मापदण्ड स्वीकृत गरिएको छ ।

प्रहरी निरीक्षक (इन्स्पेक्टर) प्रमुख हुने कार्यालयलाई पनि ३ तहमा वर्गीकरण गरिएको छ । ईलामस्थित ईलाका प्रहरी कार्यालय पशुपतिनगर सहित ९३ वटा कार्यालयलाई 'क' श्रेणीमा राखिएको छ । 'ख' श्रेणीमा झापास्थित वडा प्रहरी कार्यालय भद्रपुर सहित १०२ वटा कार्यालय छन् । 'ग' श्रेणीमा ताप्लेजुङको ईलाका प्रहरी कार्यालय दोभानसहित ११२ वटा युनिट छन् ।

उपत्यकास्थित ईलका प्रहरी कार्यालय फर्पिङ, प्रहरी प्रभाग बलम्बु, साँखु, कपन, कोटेश्वर, बूढानीलकण्ठ, सानेपा, पुल्चोक र मंगलबजारलाई 'क' श्रेणीमा राखिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय बनेपालाई पनि 'क' श्रेणीमा राखिएको छ । नयाँ मापदण्ड अनुसार साउन ३० मा प्रहरी प्रधान कार्यालयले ९५८ जना इन्स्पेक्टरको सरुवा गरेको छ ।

मापदण्ड बनाउँदा मानव स्रोत विभागका एआईजी सन्दिप भण्डारीले आफू निकटहरुलाई अवसर दिनेगरी चलखेल गरेको आरोप छ । यसअघि 'क' श्रेणी वर्गीकरण गरिएका केही कार्यालयलाई नयाँ मापदण्डमा 'ख' श्रेणी बनाएर आफू निकटका केही इन्सपेक्टरहरुलाई भण्डारीले फेरि पनि 'क' श्रेणीकै कार्यालयमा जिम्मेवारी दिएको आरोप छ ।

प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) कार्यालय प्रमुख हुने कार्यालयमा १ वर्ष बस्न पाउने र आलोपालो सिफारिस गर्ने मापदण्डमा उल्लेख छ । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सरुवा गर्दा अघिल्ला दर्जाहरुमा कम्तीमा एक दरबन्दी प्रशिक्षण केन्द्रमा प्रशिक्षकको रुपमा काम गरेका एआईजीलाई प्राथमिकता दिने र आलोपालो दरबन्दीमा सरुवा सिफारिस गरिने उल्लेख छ ।

पति-पत्नीलाई एकै कार्यालय वा नजिकको प्रहरी कार्यालयमा सरुवा गर्नेगरी मापदण्ड स्वीकृत गरिएको छ । सरुवा क्यालेन्डर अनुसार पति-पत्नीलाई सरुवा गर्दा एक दर्जामा एक पटक र सेवा अवधिमा २ पटकसम्म त्यस्तो सुविधा प्राप्त हुन्छ । सरुवा क्यालेन्डर श्रावण-भाद्र र फाल्गुण-चैतमा सरुवा गर्नेगरी लागु गरिएको छ ।

# मकवानपुर क्याम्पसको प्राध्यापक नियुक्तिमा ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, ३२ साउन/ हेटौंडा उपमहानगरपालिका-२, स्थित मकवानपुर बहुमुखी क्याम्पसले तीनजना प्राध्यापक नियुक्त गरेको विषयमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)ले ध्यानाकर्षण भएको जनाएको छ ।

बुधबार स्वतन्त्र विद्यार्थी युनियन मकवानपुर क्याम्पसका अध्यक्ष छोइसाङ लामा सहितको टोलीले क्याम्पसमा पुगेर क्याम्पस प्रमुख डा. शंकर उपाध्यायलाई प्राध्यापक नियुक्तको सम्बन्धमा ध्यानाकर्षणपत्र बुझाएका हुन् । पत्रमा मकवानपुर क्याम्पसको नेपाली विषयको प्राध्यापक रामचन्द्र सुवेदीको सेवानिवृत्त पश्चात क्याम्पसलाई नेपाली विषयको प्राध्यापक आवश्यक परेकोले क्याम्पसले एकजना प्राध्यापकको विज्ञापन आह्वान भएको ठाँउमा अवैधानिक रुपमा तीन जना प्राध्यापक नियुक्त गरेको उल्लेख गरिएको छ ।

क्याम्पसको विधिविधान भन्दा बाहिर रहेर नियुक्त गरिएको प्राध्यापकलाई तत्काल हटाउन स्ववियुले माग गरेको छ । माग ७२ घण्टा भित्र सम्बोधन नभए स्वतन्त्र विद्यार्थी युनियन थप आन्दोलको घोषणा गर्न बाध्य हुने चेतावनी दिइएको छ ।

# गुणस्तरमा प्रश्न उठेपछि एक वर्षमा १२१ उद्योगविरुद्ध मुद्दा

काठमाडौँ, ३२ साउन/ खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले एक वर्षको अवधिमा कम गुणस्तरका खाद्य पदार्थ उत्पादन र बिक्री गरेको आरोपमा १२१ उद्योगविरुद्ध मुद्दा दायर गरेको छ ।

आर्थिक वर्ष २०७९/८० मा देशका विभिन्न स्थानमा रहेका यी उद्योगले कम गुणस्तरको तथा दूषित चामल, चामल, पिठो, चाउचाउ, दही, मदिरा, कुखुराका दानालगायतका पदार्थ उत्पादन गरेको पाइएपछि कारबाही गरिएको विभागका प्रवक्ता मोहनकृष्ण मर्हजनले बताए ।

कारबाहीमा पर्नेमा पिउने पानीका २१, दुध तथा दुग्ध पदार्थका १७, खाद्यान्न तथा दलहन र त्यसबाट बनेका परिकार १६, दाना पदार्थका १५, मसलाका ७, चिया/कफीका ७ र फलफूल तथा सागपातजन्य ७ वटा उत्पादनमा गुणस्तरको प्रश्न उठाउँदै विभागले मुद्दा दायर गरेको हो । त्यस्तै महका ५ र अन्य खाद्य पर्दथका २१ गरी कुल १२१ उद्योग विरुद्ध मुद्धा दायर गरेको विभागले जनाएको छ । मर्हजनका अनुसार गत वर्ष विभागले देशभरबाट ३ हजार ११३ वटा खाद्य वस्तुको नमुना परीक्षणका लागि संकलन गरेको थियो । जसमा खाद्यान्न र दलहनका ९१०, फलफूल र सागपातजन्य ३५१, तेल, घ्युका ३४९ र मसलाका २८३, पिउने पानीका १५५ नमुनाको विश्लेषण गरेको थियो ।

# अपर तामाकोशीको सतप्रतिशत हकप्रद भदौ १८ बाट

साझाकुरा संवाददाता

हेटौंडा, ३२ साउन/ माथिल्लो तामाकोशी जलविद्युत कम्पनीले हकप्रद सेयर भदौ १८ गतेदेखि बिक्री गर्ने भएको छ । कम्पनीले हाल कायम चुक्ता पुँजीको शतप्रतिशत हकप्रद शेयर निस्कासन गर्न लागेको हो । जसअनुसार प्रत्येक सेयरधनीले आफूसँग भएको संख्यामै हकप्रद सेयरका लागि आवेदन दिन पाउनेछन् । हकप्रदमा असोज ७ गतेसम्म आवेदन दिइसक्नु पर्नेछ ।

माथिल्लो तामाकोशीले हकप्रद सेयरबाट १० अर्ब ५९ करोड रुपैयाँ उठाउन लागेको हो । हकप्रद सेयर बिक्रीपछि कम्पनीको चुक्ता पुँजीको आकार २१ अर्ब १८ करोड रुपैयाँ पुग्नेछ । तामाकोशीले हकप्रद बिक्रीबाट आएको रकमको ठूलो हिस्सा ऋण तिर्न प्रयोग गर्नेछ । नेपाल विद्युत प्राधिकरणको २ अर्ब, नबिल बैंकको २ अर्ब र एचआइडीसीएलको २ अर्ब रुपैयाँ भुक्तानी गर्ने कम्पनीले जनाएको छ । यस्तै रिटेन्सन मनीको १ अर्ब १४ करोड रुपैयाँ भुक्तानी गर्नेछ ।

बाँकी ३ अर्ब ४५ करोड रुपैयाँ सहायक आयोजना रोल्वालिङ खोला जलविद्युत आयोजना निर्माणमा खर्च गर्नेछ । रोल्वालिङ हाइड्रोपावरको निर्माणका लागि करीब ८ अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ ।

जथाभावी बाटो नकाटौं, बाटो काट्दा जेब्राक्रसिङ्गको प्रयोग गरौं, दुर्घटना हुनबाट बचौं ।


## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

## आवश्यकता

यस **साझाकुरा राष्ट्रिय दैनिक**का लागि निम्न अनुसार अनुभवी, सक्रिय र इमान्दार कर्मचारी आवश्यक भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकले निम्न ठेगानामा आवश्यक कागजातसहित सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**पद** : मार्केटिङ्ग म्यानेजर
**योग्यता** : कक्षा १२ उत्तीर्ण
**कामको समय**: विहान ११:०० बजदेखि साँझ ७:०० बजेसम्म ।
**अनुभव** : कम्तिमा १ वर्ष पत्रपत्रिकाको मार्केटिङ्गसम्बन्धी ज्ञान ।
: मोटरसाइकल चलाउन जान्ने, लाइसेन्स भएको
**तलब** : आपसी समझदारीमा तय गरिने ।

साझाकुरा
www.sajhakuranews.com
हेटौंडा-१, साझाचोक, चौकीटोल
०५७-५२१११५, sajhakura@gmail.com

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय**
हेटौंडा, मकवानपुर, नेपाल ।

## पञ्जीकृत यातायात सेवा नवीकरण गर्ने सम्बन्धी सूचना !

यस कार्यालयमा 'प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५' को दफा १०७ वा यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (संसोधन)' को दफा ९.७ बमोजिम पञ्जीकृत भएका यातायात सेवा प्रदायक कम्पनीहरुले उक्त अवधि (पाँच वर्ष) पूरा भए पश्चात् पुन: प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा १०८ बमोजिम अवधि पूरा भएको मितिले ३ महिनाभित्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेको हुँदा समयमै नवीकरण गर्नुहुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र नवीकरण नहुने यातायात सेवा प्रदायक कम्पनीहरुलाई नियमानुसार जरिवाना लाग्ने व्यहोरा जानकारी गराइन्छ ।

**यातायात सेवा प्रदायक संस्थाहरू नवीकरणको लागि चाहिने आवश्यक कागजातहरू** :

१. नवीकरणको सम्बन्धित फर्मको लेटरप्याडमा निवेदन तथा राजस्व दस्तुर तिरेको रसिद
२. यस कार्यालयबाट जारी गरिएको अनुमतिपत्रको सक्कलै प्रति
३. कम्पनी रजिष्टार कार्यालय वा घरेलु कार्यालयबाट जारी भएको प्रमाणपत्रको छायाँप्रति
४. यातायात सेवा प्रदायक संस्थाको अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन
५. आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
६. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको छायाँ प्रति

**कार्यालय प्रमुख**
**यातायात व्यवस्था कार्यालय,**
**थानाभन्याङ्ग, हेटौंडा**

श्री मालपोत कार्यालय मकवानपुरबाट
मिति २०८०/०४/३१ मा जारी भएको नामसारीको

## हकदाबी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

निवेदक: शिब कुमार महत (सैतेनी छोरा)
जग्गा धनी: अन्ध कुमारी सापकोटा (सौतेनी आमा)

यसमा जिल्ला मकवानपुर, साविक हटिया गाविस वडा नं. ७ को कि.नं. ३१६५ र ३१६६ को क्षेत्रफल क्रमश जवि. ०-०-५.५ र ०-०-५.५ जग्गाको जग्गा धनी तथा आफ्नो सौतेनी आमा अन्ध कुमारी सापकोटाको तर्फबाट कुनैपनि सन्तानको जायजन्म नभई मिति २०७६/१/१२ मा मृत्यु भएको, जग्गाधनीको पति गोविन्द बहादुर महतको पनि मिति २०७३/०८/१६ मा मृत्यु भएको, निजको पालनपोषण र काजक्रिया समेत मैले नै गरेको उल्लेखित जग्गा मेरो नाममा एकलौटी नामसारी गराईपाउँ भनी निवेदन शिब कुमार महतले वडा कार्यालयको सिफारिस, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित, पालनपोषणको सिफारिस समेत संलग्न राखी मागदाबी निवेदन पेश गर्नु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: निवेदकको माग दाबी सत्य नभई झुठा भए वा जग्गाधनीको हकदारहरु अरु पनि भए वा जग्गाधनीको पालनपोषण र सदगद अरुलेनै गरेको भए वा निवेदकको माग बमोजिम नामसारी हुनु/गर्नु नहुने कुनै कारण भए यो सुचना प्रकाशित भएको मितिले पैंतीस दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना